# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष १०    अंक ३५    काठमाडौं    आइतबार, १४ जेठ २०८०    Prabhab National Daily    Sunday, May 28, 2023    www.prabhabonline.com    पृष्ठ ८    मूल्य रू. ५।-


सरकारको नीति तथा कार्यक्रम

## ओलीमाथिको आरोप 'रेकर्ड'बाट हटेसँगै पारित



**काठमाडौं (प्रस)**– राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त सदनमा प्रस्तुत गरेको सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम बहुमतबाट पारित भएको छ ।

एक साता लामो छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ प्रधानमन्त्री पुष्पकमल दाहालले शनिबार दिएपछि सभामुख देवराज घिमिरेले नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्ताव संसद्मा निर्णयार्थ प्रस्तुत गरेका थिए । उक्त प्रस्तावको पक्षमा बहुमत सांसदहरू उभिए । यसपछि सभामुख घिमिरेले नीति तथा कार्यक्रम पारित भएको घोषणा गरे ।

'राष्ट्रपतिले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्दछु,' सभामुख घिमिरले भने ।

नीति तथा कार्यक्रम पारित भएसँगै अब सरकारलाई भोलि १५ जेठमा बजेट ल्याउन बाटो खुलेको छ । ५ जेठमा राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । त्यसमाथि सत्तापक्ष र प्रतिपक्षी दलका सांसदहरूले २३ वटा संशोधन प्रस्ताव दर्ता गराएका थिए ।

शनिबार अबेरसम्म चलेको संसद् बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिएपछि सत्ता पक्षीय सांसदहरूले भने संशोधन प्रस्ताव फिर्ता लिए ।

सत्तारुढ दल नेपाली कांग्रेसबाट सांसदहरू श्यामकुमार घिमिरे र दिलेन्द्रप्रसाद बडूले संशोधन प्रस्ताव दर्ता गराएका थिए । प्रधानमन्त्री दाहालको जवाफ चित्तबुझ्दो आएको भन्दै उनीहरूले प्रस्ताव कायम राख्नु उचित नभएको भन्दै फिर्ता लिए । संशोधन प्रस्ताव नागरिक उन्मुक्ति पार्टीका सांसद, गंगाराम चौधरी र लोकतान्त्रिक समाजवादी पार्टीका सांसद रामप्रकाश चौधरीले पनि फिर्ता लिए ।

प्रमुख विपक्षी नेकपा एमालेका सांसदहरू एकनाथ ढकाल, बासुदेव घिमिरे, सूर्यबहादुर थापा क्षेत्री, नारायणप्रसाद आचार्य, (**बाँकी पृष्ठ ३ मा**)

# कोशीमा आन्दोलनको त्रास

■ **जेबी योञ्जन**

**काठमाडौं**– पहिलो संविधानसभाको मध्यतिर राज्य पुनःसंरचना तथा राज्यशक्ति बाँडफाँटबारेको मस्यौदामाथि राय सुझाव संकलन गर्न पाँचथर पुगेका सभासदलाई त्यहाँ अनौठो ढंगको स्वागत भयो । लिम्बुवान पक्षधर दलका नेताहरूले उनीहरूलाई भनेका थिए, 'छिमेकी देश नेपालबाट आउनुभएका माननीयज्यूहरूलाई लिम्बुवानमा स्वागत छ ।'

२२ साउन १८३१ मा गोरखा-लिम्बुवानबीच भएको लालमोहर सन्धिसँगै लिम्बुवान नेपाल (गोरखा) राज्यमा गाभिएको झण्डै २३७ वर्षपछि पनि स्वतन्त्र र सार्वभौम देशको हैसियतमा रहे जसरी लिम्बुवानमा स्वागत भनिएको थियो ।

अरुण नदी पारीको सोही तत्कालीन लिम्बुवान (पल्लो किरात लिम्बुवान) र अरुण नदी वारीको माझ किरात खम्बुवानको सिंगो भूगोल १७ फागुन २०७९ देखि भने कोशी प्रदेश भएको छ । त्यसयता देशको पूर्वी क्षेत्रको यही प्रदेश नामकै विषयले पूरै अशान्त छ ।

प्रदेशको नाम 'कोशी'को प्रस्तावक, समर्थकदेखि उक्त नामको पक्षमा मतदान गर्ने प्रदेश सांसद र मन्त्रीहरू यतिबेला 'थुरथुर' छन् । कारण, प्रदेश नामलाई लिएर असन्तुष्ट पहिचानवादीहरूले ठाउँठाउँमा उनीहरूलाई प्रतिरोध गरिरहेका छन् । उनीहरू सवार सवारीसाधन तोडफोड, भौतिक आक्रमणको प्रयासदेखि कालो झण्डा देखाएर विरोध गर्ने गतिविधि भइरहेका छन् । अझ प्रतिरोध गर्न भन्दै लिम्बुवान भोलेन्टियर्स (एलभी), किरात फोर्स र काङसोरे फोर्सजस्ता सशस्त्र दस्ता नै तयार भइरहेको विवरणहरू सार्वजनिक भइरहेका छन् ।

उनीहरूले वैशाखको दोस्रो साता कोशीको झापादेखि पहाडी जिल्लाहरू इलाम, पाँचथर र तेह्रथुमसम्मै एमाले अध्यक्ष केपी शर्मा ओलीलाई आक्रमण प्रयास गरे । कालो झण्डा देखाए । झापा र इलाममा झडप नै भयो । पाँचथरमा त ओलीमाथि अझ सुरक्षा चुनौती बढ्यो ।

यसबारे १५ वैशाखमा सांसदसमेत रहेका एमाले उपाध्यक्ष विष्णु पौडेलले संसद्मा ओलीमाथि



**प्रदेश १ को नाम 'कोशी' कायम गरिएको विरोधमा भएको प्रदर्शनको फाइल तस्बिर ।**

- कोशी नाम राख्ने सांसद र मन्त्री पहिचानवादीहरूको निशानामा
- आजै प्रदेश सभा घेर्ने तयारीमा पहिचानवादीहरु
- शनिबारबाट विराटनगरमा धर्ना, विरोधसभा र र्‍याली गर्न निषेध
- कोशी पहाडका ११ जिल्ला जान डराउँछन् सांसद र मन्त्री

भइरहेको आक्रमण प्रयासबारे सरकारको जवाफ मागेका थिए । उसो त ओलीले पनि पहिचानवादीहरूलाई झन् चिढ्याउनेगरी गृहजिल्ला झापा पुगेर भनेका थिए 'धन्न कार्की प्रदेश राख्नुभएनछ मुख्यमन्त्रीजीले । अरुले जातीय नाम ल्याउँदा उहाँले पनि कार्की प्रदेश प्रस्ताव गर्न सक्नुहुन्थ्यो । ठीकै छ, सबैको पहिचान समेट्नगरी कोशी राख्नुभयो । धन्यवाद ।'

उत्तेजित पार्ने यस्ता अभिव्यक्तिले अन्ततः ओली आन्दोलनरत पहिचानवादीहरूको निशानामा परेका हुन् । ओलीभन्दा अघि मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई ओखलढुंगामा र प्रदेशस्थित माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोमाथि ताप्लेजुङमा आक्रमण प्रयास भयो ।

२९ वैशाखमा कोशी नाम प्रस्तावक भएका एमाले सांसद राम राना मगरको गाडी नै गृहजिल्ला इलामको माङ्सेबुङमा तोडफोड भएको थियो । त्यसअघि एमालेकै अर्का सांसद पाँचकर्ण राई (पिके) लाई खोटाङमा मोसो दल्ने प्रयास भएको थियो ।

यी घटनाक्रमले कोशी नामका प्रस्तावक र सर्मथक सांसदमात्रै होइनन्, उक्त नामको पक्षमा मतदान गर्ने सबै सांसद र मन्त्रीहरू प्रदेशकै ११ वटा पहाडी जिल्लामा जान चाहिरहेका छैनन् । उनीहरू डराइरहेका छन् ।

संघीय राजधानी काठमाडौंदेखि आजै सुरु हुने बजेट अधिवेशनमा सहभागी हुन कोशीको राजधानी विराटनगर फर्किएकी एक जना कांग्रेस प्रदेश सांसद मैयाँ श्रेष्ठ लावतीले प्रदेशमा सुरक्षा चुनौती रहेको बताएकी छन् । 'आन्दोलनको आन्दोलन छ । मान्छे नै मरिसक्यो एक जना । घाइते थुप्रै छन् । स्थिति त्यति सहज छैन । डरलाग्दो छ,' लावतीले प्रभावसँग भनिन् ।

पहिचान पक्षधरले प्रदेश सभा घेराउ गर्ने सूचना पाएपछि जिल्ला प्रशासन कार्यालय मोरङले विराटनगरमा धर्ना, विरोधसभा र र्‍याली गर्न निषेध गरेको छ । स्थानीय प्रशासनले शनिबारदेखि अर्को आदेश नभएसम्मका लागि उक्त निषेध जारी गरेको हो ।

प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले जारी गरेको सूचनामा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## इजरायलमा 'केयर गिभर'को तलब बढ्यो

### थप ५०० नेपालीले रोजगारी पाउने

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा कार्यरत नेपाली सहायक कामदार (केयर गिभर)को तलब बढेको छ । इजरायल सरकारले एक महिनाअघि जिटुजीमार्फत गएका त्यस्ता कामदारको न्यूनतम पारिश्रमिक बढाउने निर्णय गरेको हो ।

सहायक कामदारहरूले यसअघि न्यूनतम पारिश्रमिक पाँच हजार ३०० सेकल (इजरायली मुद्रा) पाउँदै आएकामा अब पाँच हजार ५७१ सेकल अर्थात् दुई लाख दुई हजार नेपाली रूपैयाँ पाउने छन् । यस निर्णयसँगै इजरायलले प्रत्येक वर्ष कामदारको न्यूनतम पारिश्रमिक बढाउने भएको छ । वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको इजरायलमा नेपाल सरकारले जिटुजीमार्फत झण्डै एक हजार २०० नेपाली कामदार पठाइसकेको छ । कामदारको तलब वृद्धि भएसँगै नेपाल भित्रिने रेमिटचान्ससमेत बढ्ने देखिएको छ ।

वैदेशिक रोजगार विभागअन्तर्गत इजरायल शाखाका अनुसार रोजगारीका लागि इजरायल जाने सहायक कामदारको



*प्रतीकात्मक तस्बिर*

करार सम्झौता एक वर्ष हुनेछ भने करार सम्झौता थप गरी पाँच वर्षसम्म काम गर्न पाइनेछ । इजरायल जाने नेपाली कामदारलाई हवाई भाडा, बिमा, अभिमुखीकरण तालिम, पासपोर्ट, कल्याणकारी कोषमा राख्नुपर्ने रकम र सामाजिक सुरक्षा कोषमा योगदान रकमसहित बढीमा एक लाख रूपैयाँसम्म लाग्नेछ ।

पहिलो चरणमा केयर गिभरका लागि इजरायल जान नौ हजार ६९९ जनाले निवेदन दिए पनि एक हजार १७५ जनामात्रै छनोट भएका थिए । छनोटमा परी इजरायल गएका कामदारमा ८२१ जना महिला र ३५४ जना पुरुष रहेको शाखाले जनाएको छ ।

यस्तै इजरायलले थप ५०० नेपालीलाई सहायक कामदारको रोजगारी दिने प्रतिबद्धता जनाएको छ । यद्यपि, प्रक्रिया अघि बढ्न सकेको छैन । केयर गिभरमा मात्र नभई कृषि तथा निर्माण क्षेत्रमा पनि एक हजारभन्दा बढी नेपाली कामदार लिने इजरायलले बताउँदै आएको छ ।

## वैदेशिक रोजगार तामाङ व्यवसायी समाजमा पाख्रिन

**काठमाडौं (प्रस)**– वैदेशिक रोजगार व्यवसायमा संलग्न तामाङ व्यवसायीहरूको संगठन वैदेशिक रोजगार तामाङ व्यवसायी समाजमा नयाँ नेतृत्व चयन भएको छ । शनिबार सम्पन्न समाजको दोस्रो अधिवेशनले शुक्र पाख्रिनको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

समाजका तीन जना उपाध्यक्षमा मोहन



योञ्जन, कुन्छादोर्जे डिम्दोङ र मोहन स्याङ्बो चयन भएका छन् । महासचिवमा तिलक तामाङ, सचिवमा लीला तामाङ र सुकबहादुर तामाङ तथा कोषाध्यक्षमा इन्द्रबहादुर तामाङलाई चयन गरिएको छ ।

यसैगरी सदस्यमा रामध्वज लामा, राजकाजी ब्लोन, राजु लामा, सञ्जय ब्लोन र सोमबहादुर तामाङ चयन भएको समाजले जानकारी दिएको छ ।

## न्युजिल्याण्ड रोजगारीका नाममा ठगी

**काठमाडौं (प्रस)**– न्युजिल्याण्डस्थित नेपाली अवैतनिक वाणिज्य दूतावासले ठगीको घटना बढेको भन्दै सतर्क रहन आग्रह गरेको छ । पछिल्लो समय नेपालीहरूलाई रोजगारीका लागि भन्दै भिजिट भिसामा न्युजिल्याण्ड पुर्‍याएर ठग्ने क्रम बढेकोप्रति दूतावासले सचेत गराएको हो ।

दूतावासले एक सूचना जारी गर्दै नेपालबाट भिजिट भिसामा न्युजिल्याण्ड रोजगारीमा पठाइदिने भन्दै एजेन्टहरूले लाखौं रूपैयाँ असुल्ने गरेको पाइएको उल्लेख गरेको छ । म्यानपावर कम्पनी र एजेन्टहरूले रोजगारीको प्रलोभन देखाई चर्को शुल्क लिएर भिजिट भिसामा न्युजिल्याण्ड पुर्‍याउने गरेको गुनासो आउन थालेको वाणिज्य दूतावासले जनाएको छ । भिजिट भिसामा न्युजिल्याण्ड पुगेकाहरूले भनेजस्तो रोजगारी नपाएको र ठगीमा परेको भन्दै दूतावासमा सम्पर्क गरिरहेको सूचनामा उल्लेख गरिएको छ ।

भिजिट भिसामा न्युजिल्याण्ड जानेहरूले रोजगारीको अवसरमात्र नभएर अनुमतिसमेत नपाउने हुँदा ठगिने सम्भावना धेरै भएकाले बुझेरमात्रै अघि बढ्न दूतावासले सचेत गराएको छ । 'कोही कसैले न्युजिल्याण्डमा भिजिट भिसामा पुर्‍याइ काम लगाइदिन्छु भनेमा उनीहरूको कुरामा विश्वास नगर्न र बेलैमा सचेत हुन अनुरोध छ,' दूतावासले भनेको छ । भिजिट भिसाले कुनै पनि देशमा काम गर्ने अनुमति नदिने र पर्यटकको रूपमामात्रै भ्रमण गर्न पाइने भएकाले रोजगारीको कुनै पनि प्रलोभनमा नपर्न आग्रह गरिएको छ । यस्तै न्युजिल्याण्डमा राम्रो आम्दानी हुने र मौसमी कामदारको माग रहेको भन्दै एजेन्टहरूले ठगी गर्ने क्रम बढेपछि वैदेशिक रोजगार विभागमासमेत उजुरी पर्न थालेको छ ।




# दरबार हाई स्कुलमा शनिबार पनि पठनपाठन

■ शर्मिला पाठक




**काठमाडौं–** ऐतिहासिक धरोहर मानिने दरबार हाई स्कुल (भानु माध्यमिक विद्यालय) मा शिक्षामा सीप कार्यक्रम सञ्चालन भएसँगै शनिबार पनि पठनपाठन गर्न थालिएको छ ।

यस विद्यालयमा शिक्षामा सीप कार्यक्रमअन्तर्गत सौन्दर्य कला, बिजुली जडान तथा मर्मत कार्यक्रमलाई छनोट गरिएको छ । उक्त कार्यक्रम शुक्रबार मात्रै गर्ने भनिए पनि समय अपुग भएपछि शनिबार पनि अतिरिक्त क्रियाकलापअन्तर्गग शिक्षामा सीप कार्यक्रम पठनपाठन गरिएको विद्यालयकी प्रधानाध्यापक शारदा पौडेलले जानकारी दिइन् ।

ऐतिहासिक धरोहर दरबार हाई स्कुललगायत कामपाको सबै सामुदायिक विद्यालयमा यही शैक्षिक सत्रदेखि माध्यमिक तह कक्षा ९ देखि १२ सम्म थालनी गरेको शिक्षामा सीप कार्यक्रम लागू गरेको छ । पाठ्यपुस्तकबाट प्राप्त हुने सैद्धान्तिक ज्ञानसँगै जीवन उपयोगी, सीपमूलक तथा व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यसहित कामपाले गत वैशाख १२ देखि उक्त कार्यक्रम लागू गरेको हो ।

विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा प्राविधिक क्षेत्रमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने कामपाको उद्देश्य हो । उक्त कार्यक्रमअन्तर्गत ९० घन्टे कार्यक्रमका लागि कृषि तथा सहरी खेती, सौन्दर्य कला र कपाल शैली, काष्ठकला नङ कुँदेर बेलबुट्टा भर्ने काम, पाक कलालगायत १० क्षेत्र निर्धारण गरिएका छन् ।

त्यसैगरी, फेसन डिजाइन र कपडा निर्माण, घरमा तार र बिजुली जडान वायरिङ एण्ड इलेक्ट्रिकल, विपद् पूर्वतयारीका लागि भवन निर्माणको रैथाने परम्परागत कला, मोबाइल र विद्युतीय सामान, पाइप जडान तथा मर्मत, कला र मूर्तिकला विधालाई पाठ्यक्रममा समावेश गरिएको छ । अहिले महानगरमा ८९ सामुदायिक विद्यालय छन् । त्यसमा ५९ मावि र ३० प्राथमिक विद्यालय छन् । त्यसैगरी, ५४० निजी विद्यालयमा एक लाख ५० हजार विद्यार्थी अध्ययनरत छन् ।

कामपाले यसै शैक्षिक सत्रदेखि बुक फ्री फ्राइडे कार्यक्रम पनि सुरु गरेको छ । उक्त कार्यक्रमअन्तर्गत शुक्रबार विद्यार्थीले किताब बोकेर विद्यालय जानुपर्ने छैन भने अतिरिक्त क्रियाकलाप गरेर घर फर्कन्छन् । बुक फ्री फ्राइडे कार्यक्रम कामपाको सबै सामुदायिक विद्यालयको सञ्चालन भइरहेको छ ।

**विद्यार्थीको चाप अत्यधिक**

कुनै समय विद्यार्थीको अभावमा जेनतेन सञ्चालित यस ऐतिहासिक विद्यालयमा नवनिर्मित भवन, सफा खाजा घर तथा थोरै लगानीमा अंग्रेजी माध्यममा पढाइ हुने हुँदा अहिले करिब ६५० विद्यार्थीले पठनपाठन गर्ने गरेका छन् । अघिल्लो वर्षसम्म पनि करिब ५०० विद्यार्थी यहाँ अध्ययन गर्थे । चालु शैक्षिक सत्रमामात्र एक हजार ५०० विद्यार्थी भर्नाका लागि आएका थिए, स्थान अभावका कारण सबैलाई समावेश गर्न नसकिएको विद्यालयको भनाइ छ ।

विद्यालयको भौतिक संरचनाका कारण आएका सबै विद्यार्थीलाई भर्ना गर्नसक्ने अवस्था रहेन भने एक हजार ५०० विद्यार्थीलाई त स्थान अभावको कारण फिर्ता पठाउन परेका विद्यालय परिवारले जनाएको छ । 'कुनै कक्षामा पनि विद्यार्थीको कमी छैन । विद्यार्थीको संख्या बढिरहेकाले ३६ सिट क्षमता भएको एउटा कक्षामा हामीले ४९ जनासम्म राखेर पढाइरेहका छौं,' प्रधानाध्यापक पौडेलले भनिन् ।

कक्षा ९ र ६ मा अत्यधिक विद्यार्थी रहेका छन । कक्षा ९ मा १०० भन्दा बढी विद्यार्थी रहेका छन् जहाँ तीनवटा कक्षा विभाजन गरेर पठनपाठन भइरहेको छ । एसइई सामुदायिक विद्यालयबाट गरेपछि उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति पाउने आशाले पनि पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीहरू भीड हुने गरेका छन् । ऐतिहासिक र पुरानो विद्यालय भएकाले सुरुको समयमा सम्पन्न परिवारका छोराछोरीले मात्र अध्ययन गर्ने गरेका थिए । कुनै समय श्रमिकका छोराछोरीमात्र पढ्ने गरेको यस विद्यालयमा अहिले सरकारी कर्मचारी तथा स्थानीयवासीका छोराछोरीको आकर्षण बढी छ ।

आठ वर्षअघिको भूकम्पपछि पुरानै स्वरूपमा पुनर्निर्माण गरिएको उक्त स्कुलको हाताभित्र हाल भानु माध्यमिक र संस्कृत मावि सञ्चालित छन् । नौ रोपनी जमिनमा निर्माण गरिएको चारतले सो विद्यालय भवनमा ४० कक्षा कोठा छन् । भूकम्पपछि चीन सरकारको पूर्ण सहयोगमा चिनियाँ कम्पनी सांघाई कन्स्ट्रक्सनले उक्त विद्यालय भवन निर्माण गरेको हो । भूकम्पपछि उक्त स्कुल पुनर्निर्माणको शिलान्यास २०७५ साउन १८ गते गरिएको थियो । २०७७ कात्तिक ५ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले रानीपोखरी पुनर्निर्माणसँगै सो विद्यालय भवन उद्घाटन गरेकी हुन् । *रासस*

# 'राजनीतिक गुटबन्दीले घेदुङलाई कमजोर बनायो'




**काठमाडौं (प्रस)–** नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोलेले राजनीतिक गुटबन्दीका कारण घेदुङ कमजोर बनेको बताएका छन् । शनिबार घेदुङको केन्द्रीय कार्यालयमा आयोजित छलफल तथा स्मारिका विमोचन कार्यक्रममा बोल्दै उनले घेदुङमा पार्टीगतरूपमा हस्तक्षेप नगर्न सरोकारवालालाई आग्रह गरेका हुन् ।

उनले तामाङ समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक उत्थानका लागि तामाङ राष्ट्रिय मुक्ति क्रान्तिको विकल्प नभएको बताए । अध्यक्ष गोलेले गाउँ-गाउँमा घेदुङ अभियान सञ्चालन गरी अगाडि बढ्नुपर्नेमा जोड दिँदै घेदुङले सोहीअनुसार कार्यक्रम अघि बढाएको जानकारी दिए । यस्तै घेदुङको पहलमा तामाङ मातृभाषा शिक्षा कार्यक्रम १० वटा पालिकाका केही सामुदायिक विद्यालयमा लागू भइसकेको र केही विद्यालयमा लागू गराउन पहल गरिरहेको बताए ।

घेदुङका पूर्वअध्यक्ष पर्शुराम तामाङले तामाङ समुदायको साझा मुद्दालाई निःस्वार्थ भएर घेदुङले उठाउनुपर्ने बताए । घेदुङ तामाङ समुदायको एकमात्र राष्ट्रिय साझा संस्था भएकाले दलीय भागबण्डा गर्न नहुनेमा उनले जोड दिए । उनले निःस्वार्थरूपमा तामाङ समुदायको साझा मुद्दामा केन्द्रित हुन आग्रह गरे ।

पूर्वमन्त्री दावा तामाङले घेदुङको ग्रेन गे दिम (केन्द्रीय भवन) खरिद अभियानलाई तीव्ररूपमा अगाडि बढाउनुपर्नेमा जोड दिए । उक्त अभियानमा सबै सल्लाहकार तथा कार्यसमितिले आ-आफ्नो दायित्व पूरा गरे अभियान सफल हुने उनको भनाइ छ । पूर्वराज्यमन्त्री पर्शुराम तामाङले यो खरिद अभियानमा आफूले सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाए । भवन खरिदका लागि घेदुङले हालसम्म ५७ लाख ६१ हजार रूपैयाँ आर्थिक संकलन भएको जनाएको छ ।

घेदुङकी सल्लाहकार एवं पूर्वसांसद शान्ती पाख्रिनले तामाङ जातिको यकीन तथ्यांक संकलनका लागि नामको पछाडि तामाङ अनिवार्य लेख्ने लेखाउने अभियान तामाङ घेदुङले चलाउनुपर्ने सुझाव दिइन् । तामाङ समुदायको साँस्कृतिक तथा सामाजिक कार्यहरूमा महिलाको सहभागिता न्यून रहेको भन्दै उनले समान सहभागिताका लागि सिर्जनात्मक अभियान चलाउन घेदुङलाई आग्रह गरिन् । कार्यक्रममा सल्लाहकारद्वय जयप्रसाद गोले र अधिवक्ता डा. कुन्साङ योञ्जनले पनि आ-आफ्नो धारणा राखेका थिए । सोही कार्यक्रममा घेदुङको प्रकाशन 'छार म्हेदो'को नयाँ अंकसमेत सार्वजनिक गरिएको थियो ।

## कोशीमा...

पृष्ठ १ बाट जारी

पूर्वमा देवकोटा चोकदेखि पशिचममा कोशी अस्पताल चोकसम्मको क्षेत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयदेखि-रोडशेष चोक र दक्षिण जतुवा चोकसम्मको क्षेत्र, मुख्यमन्त्रीनिवास वरिपरि ३०० मिटरको क्षेत्र, प्रदेश प्रमुखको कार्यालय तथा निवास वरिपरि ३०० मिटरसम्मको क्षेत्र र जिल्ला प्रशासन कार्यालय मोरङ-डाँफे चोकदेखि पूर्वको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको छ ।

५ चैतमा प्रदेश राजधानी विराटनगरमा भएको झडपको क्रममा गम्भीर घाइते भएका लाजेहाङ भनिने पदम लिम्बूलाई आन्दोलनरत पहिचानवादीहरूले १० चैतमा गुमाएका थिए । उनलाई कतिपयले पहिचान आन्दोलनको पहिलो सहिद भन्ने पनि गरेका छन् । उनीहरूको प्रदेश सरकारसँग एक सूत्रीय माग छ । त्यो हो- प्रदेशको पुनः नामांकन हुनुपर्छ र हुँदा पहिचानको आधारमा 'किरात-लिम्बुवान' हुनुपर्छ ।'

आन्दोलनमा रहेका एक जना नेता गोपाल किराती माग सम्बोधन नहुञ्जेलसम्म लगातार झन्झन् चर्को आन्दोलन गर्दै जाने बताउँछन् । 'संसदीय गणितमात्रै सबैथोक होइन । बरु, जनताको भावनाको सबै थोक हो,' किरातीले भने, 'सडकबाट व्यक्त भइरहेको जनभावना सम्बोधन नहुञ्जेल हामी रोकिँदैनौं ।'

संविधानतः प्रदेशको नाम र राजधानीको टुंगो प्रदेश संसद्को दुईतिहाइ बहुमतले गर्नुपर्छ । १७ फागुनमा ९३ सदस्यीय प्रदेश संसद्मा एमाले, कांग्रेस, माओवादी र राप्रपाका गरी ८२ जना सांसदले मतदान गरेर प्रदेशको नाम टुंग्याएका थिए । सोही दिनदेखि प्रदेशमा राजनीतिक गतिरोध निम्तिएको हो ।

यही ११ जेठमा भने त्यहाँको प्रमुख विपक्षी दल कांग्रेसले प्रदेशको नामलाई लिएर आन्दोलनरत पक्षलाई छिटो वार्तामा बोलाएर उचित मागहरूलाई सम्बोधन गर्न सरकारसँग आग्रह गरेको छ । माओवादी केन्द्रले त कांग्रेसलेभन्दा अघि नै आन्दोलनरत पक्षसँग वार्ता गरेर जारी गतिरोध टुंग्याउन सरकारलाई भनेको छ ।

तर, मुख्यमन्त्री हिक्मत कार्की आन्दोलनरत पक्षलाई वार्तामा बोलाउनै तयार छैनन् । उल्टै उनको चुनौती छ, 'निर्वाचनबाट दुईतिहाइ बहुमत ल्याएर नाम फेर्नू ।' यो अभिव्यक्तिलाई आधार मान्दा मुख्यमन्त्री कार्कीको आन्दोलनरत पहिचान पक्षधरहरूसँग वार्तामा बस्न 'अ'रुचि छ । यसले कोशी अझै अशान्त हुने देखिएको छ ।

# मानव सेवा आश्रममा राहत वितरण



**काठमाडौं (प्रस)–** बालाजु रानीबारीस्थित मानव सेवा आश्रममा आश्रितहरूलाई राहत वितरण गरिएको छ । खानीखोला मिडिया हाउसलगायतको सहयोगमा गत बुधबार राहत वितरण, भोजनको व्यवस्था र सांगीतिक प्रस्तुति कार्यक्रम सम्पन्न गरिएको हो ।

उक्त आश्रममा करिब २०० जना ज्येष्ठ नागरिक आश्रित रहेका छन् । साथै, विभिन्न रोगका पीडित, अपांगता भएका व्यक्ति तथा बेसहाराहरूले समेत आश्रममा आश्रय पाएका छन् ।

खानीखोला मिडिया हाउस सञ्चालक बेलबहादुर थिङलगायतले राहत वितरणमा पहल गरेका थिए । कार्यक्रममा हास्य कलाकार लालहाङ लिम्बू सूर्तीजन्य पदार्थ बहिष्कारसम्बन्धी संक्षिप्त नाटक प्रस्तुत गरेका थिए । साथै, कलाकार कृतिका राई, दुर्गा लिम्बू, गायक दीपेशपायल राई, रश्मि भट्ट, भोला भण्डारीलगायतले प्रस्तुति दिएका थिए ।

कार्यक्रममा निखिल श्रेष्ठ, पूण्यरत्न बज्राचार्य, लिला खनाल, उत्तम घिमिरेलगायतले मन्तव्य राखेका थिए ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ १४ गते २०८०, आइतबार

| | |
|---|---|
| मेष | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| वृष | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| मिथुन | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| कर्कट | आँटेको र ताकेको कार्य पुरा होला । |
| सिंह | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| कन्या | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| तुला | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| वृश्चिक | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| धनु | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| मकर | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| कुम्भ | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| मीन | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १४ गते, २०८०, २८ मे, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**छाप्रो बनाउँदै राउटे** | दैलेखको भैरवी गाउँपालिका-१ दारेघाटमा बसाइँ सरेका लोपोन्मुख फिरन्ते राउटे समुदाय बस्तीमा छाप्रो बनाउँदै । *तस्बिरः सुरेश आचार्य/रासस*

## प्रधानमन्त्रीको भारत भ्रमणः

# प्राथमिकता पञ्चेश्वर र एयर रुट

■ **प्रभाव संवाददाता**

काठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहाल भारत भ्रमणमा जाँदै छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा यही जेठ १७ गते दाहाल त्यसतर्फ जान लागेका हुन् । भ्रमणमा नेपाल सरकारका मन्त्री, सचिव र वरिष्ठ अधिकारी सहभागी हुने छन् ।

भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले भारतका राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखडसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । यसैगरी प्रधानमन्त्री दाहालले जेठ १८ गते भारतका प्रधानमन्त्री मोदीसँग हैदरावाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्ने कार्यतालिका रहेको छ । वार्तापछि दुवै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्ने छन् । मोदीले नेपालका प्रधानमन्त्री र उनको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजनासमेत गर्ने छन् ।

प्रधानमन्त्री दाहालले नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघले संयुक्तरूपमा आयोजना गर्ने नेपाल-भारत व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्नाका साथै दुवै देशका व्यापारीसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ ।



प्रधानमन्त्री दाहालले भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले आयोजना गर्ने स्वागत समारोहमा सहभागी भई भारतमा रहेका नेपाली समुदायसँग पनि कुराकानी गर्ने छन् । उनले जेठ २० गते काठमाडौं फर्कनुअघि मध्यप्रदेशको उज्जैन र इन्दोरको पनि भ्रमण गर्ने कार्यक्रम छ । प्रधानमन्त्रीका रूपमा दाहालको भारत भ्रमण चौथोपटक हुन लागेको हो ।

### नयाँ "एयर रुट" प्राप्त गर्ने सम्भावना

भारत भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले नयाँ 'एयर रुट' प्राप्त गर्ने प्रवल सम्भावना रहेको बताएका छन् । प्रतिनिधिसभाको शनिबारको बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री दाहालले भारत भ्रमणमा 'ट्रेड ट्रान्जिट'बारे छलफल हुने बताएका हुन् ।

उक्त अवसरमा भारतसँग सन् १९५० को सन्धि र नेपालमा रासायनिक मल कारखाना खोल्नेबारे छलफल हुने जानकारी दिए । यसैगरी प्रधानमन्त्रीले पञ्चेश्वरको बारेमा पनि समझदारी हुनसक्ने बताएका छन् । दाहालले भने, 'पञ्चेश्वरका बारेमा छलफल चलिरहेको छ । सम्भवतः धेरै वर्षपछि पञ्चेश्वर परियोजना अगाडि बढाउनेबारेमा एउटा नयाँ समझदारी हुन्छ भन्ने मेरो विश्वास छ ।' प्रधानमन्त्री दाहालको टोली तीन दिने भ्रमण सकाएर २० गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

# एसियाली राजमार्गमा जोडियो नेपाल

■ **चन्द्रकला भण्डारी**

**झापा-** चार लेनको फराकिलो पुल र चिल्लो सडक । बटुवा हिँड्ने बेग्लै फुटपाथ । ठाउँ-ठाउँमा संकेत चिह्न । रातमा झलमल्ल सडकबत्तीको उज्यालो । सडक किनारमा रेलिङ र माझमा डिभाइडर । पूर्वीद्वार काँकडभिट्टासम्म एक वर्षअघि नै आइपुगेको एसियाली राजमार्गको मनमोहक झलक हो यो ।

कोरोना कहरका बेला सारा संसार कोठामा बन्दी भएका बेला काँकडभिट्टामा एसियाली राजमार्ग निर्माणको काम धमाधम भइरहेको थियो । कोरोना महामारीको बन्दाबन्दीको दुईवर्षे अन्तरालपछि काँकडभिट्टा आइपुग्नेका लागि यो राजमार्गको झल्को अकल्पनीय थियो ।

टाढाबाट आन्तरिक पर्यटक काँकडभिट्टाको एसियाली राजमार्ग हेर्नै भनेर पनि आउने गरेका छन् । सफा र फराकिलो चार लेनको सडकमात्र होइन, मेची नदीमा निर्मित चार लेनकै अत्याधुनिक पुलको सौन्दर्यले पर्यटक र यात्रुलाई उत्तिकै आकर्षित गरेको छ ।

पुल र सडकमा उभिएर खिचिएका तस्बिर र भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्नेहरूको ताँतीले एसियाली राजमार्ग आफैंमा पर्यटकीयस्थल बन्न पुगेको मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीले बताइन् । उनले एसियाली राजमार्गका कारण तेस्रो मुलुकबाट पूर्वीनाका काँकडभिट्टा हुँदै नेपाल प्रवेश गर्ने पर्यटकलाई आकर्षण गर्ने, यात्रा छिटो र छरितो हुने बताइन् ।

एसिया महादेशका ३२ मुलुकलाई जोड्ने 'महान एसियाली राजमार्ग'अन्तर्गत नेपालको एक किलोमिटर भागमामात्र यसको संरचना पूर्णरूपमा निर्माण भएको छ । बंगलादेशबाट भारतको बागडोग्रा हुँदै पानीटंकी नाकाबाट नेपालतिर सोझिने एसियाली राजमार्गको रुट नं २ अन्तर्गत भारतले मेची नदीमा एसियाली राजमार्गस्तरकै पक्की चार लेनको पुल निर्माण गर्दा नेपालतिरको करिब डेढ किलोमिटर भागसम्म पहुँच सडक विस्तार गरेको हो । यही पहुँच सडक र पुल नेपालभित्र निर्मित एसियाली राजमार्गको पहिलो संरचना मानिन्छ ।

नेपाल-भारत सीमास्थित मेची नदीमा बनेको पक्की छ लेनको पुल ७९० मिटर लामो रहेको छ । छ लेनको ५०० मिटर पहुँचमार्गले काँकडभिट्टाको मुख्य बजारलाई जोडेको छ ।

### के हो एसियाली राजमार्ग

एसियाका ३२ मुलुकलाई स्थलमार्गले जोड्ने एसियाली राजमार्गको कूल लम्बाइ एक लाख ४१ हजार किलोमिटर रहने बताइएको छ । सबै मुलुकमा एउटै स्तर र मापदण्डमा आधारित भएर निर्माण हुने यो राजमार्गले एसियाली देशहरूबीचको सम्बन्ध र सम्पर्कलाई अझ नजिक तुल्याउने अपेक्षा गरिएको छ ।

स्थलमार्गबाट एसियाका देशलाई जोडेर व्यापार र पर्यटन प्रवर्द्धन गर्ने मूल उद्देश्य बोकेको एसियाली राजमार्गको अवधारणा पुरानै हो । सन् १९९२ मै एसियालाई युरोपसँग जोड्नका लागि एसियाली राजमार्गको अवधारणा ल्याइएको थियो । 'युनाइटेड नेसन्स इकोनोमिक्स एण्ड सोसल कमिसन फर एसिया एण्ड द प्यासिफिक' नामक संयुक्त राष्ट्रसंघको निकायले यसका लागि एसियाली मुलुकसँग प्रस्ताव गरेपछि ३२ मुलुकले यसलाई स्वीकार गरे ।

एसियाली राजमार्ग आफैंमा अलग राजमार्ग होइन । चालु अवस्थाकै विभिन्न मुलुकमा रहेका अन्तरदेशीय राजमार्गहरूको सञ्जालका रूपमा यसको पुनःनिर्माण भइरहेको हो । पुराना राजमार्गलाई नै नयाँ नक्सांकन गरेर राजमार्गलाई 'क' श्रेणीमा पुनःनिर्माण गरिने कार्य हाल तीव्ररूपमा भइरहेको छ ।

एसियाली विकास बैंक (एडिबी) र एसियाली इनफ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइइबी)को लगानी र चीन, सिंगापुर, दक्षिण कोरियालगायतका सम्पन्न देशहरूको ठूलो लगानीमा एसियाली राजमार्गको विस्तार भइरहेको छ ।

### नेपालमा दुईवटा रुट

एसियाली राजमार्गको स्वीकृत रुटमा नेपाल चारै दिशाबाट समेटिएको छ । पूर्वमा काँकडभिट्टा, पश्चिममा वनबासा, उत्तरमा तातोपानी र दक्षिणमा वीरगञ्जबाट उक्त राजमार्ग नेपाल भित्रिने छन् ।

थाइल्याण्डको बैंककबाट सुरु हुने रुट-२ अन्तर्गत म्यान्मार, बंगलादेश र भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्गमा मिसिन्छ । यो राजमार्ग हालको पूर्वपश्चिम राजमार्ग भएर पश्चिम नेपालको वनबासा हुँदै भारतको दिल्लीतर्फ सोझिनेछ ।

भारतको दिल्लीबाट पाकिस्तानको कराँचीसम्म यो रुटले थाइल्याण्ड, म्यान्मार, बंगलादेश, भारत, नेपाल र पाकिस्तान गरी छवटा मुलुकलाई जोड्नेछ । यसले नेपालको पूर्वपश्चिम राजमार्गलाई एसियाली राजमार्गमा रूपान्तरण गर्ने निश्चित छ । रुट-४२ अन्तर्गत भारतबाट नेपाल प्रवेश गर्ने एसियाली राजमार्गको अर्को रुट चीनको तिब्बत प्रान्तको राजधानी ल्हासा पुग्नेछ । यसले अरनिको राजमार्गलाई एसियाली राजमार्गमा रूपान्तरण गर्नेछ ।

अरनिको राजमार्गअन्तर्गत कोटेश्वर-सूर्यविनायकको काम सकिएको छ । सूर्यविनायकबाट धुलिखेल हुँदै यो सडक चीनतिर जानेछ । भारतको रक्सौलबाट नेपाल प्रवेश गर्ने यस रुटमा वीरगञ्ज, नारायणगढ, काठमाडौं, धुलिखेल, बाह्रबिसे र तातोपानी जोडिने छन् ।

### लामो सडक भारतमा बन्ने

एसियाका ३२ मुलुकमा एसियाली राजमार्ग निर्माण हुने छन् । सोमध्ये सबैभन्दा लामो खण्ड भारतमा निर्माण हुने बताइएको छ । छिमेकी मुलुक भारतमा उक्त राजमार्गको २७ हजार ९८७ किलोमिटर खण्ड निर्माण हुनेछ । दोस्रो लामो सडक चीनमा बन्नेछ । चीनमा एसियाली राजमार्गको २५ हजार ५७९ किलोमिटर खण्ड निर्माण हुने भएको छ ।

नेपालमा पूर्व काँकडभिट्टाबाट पश्चिम वनबासा र उत्तर तातोपानीबाट दक्षिण वीरगञ्जसम्मको एक हजार ३२१ किलोमिटर लामो सडक निर्माण हुनेछ । यसैगरी बंगलादेशमा एक हजार ८०४ किमी, श्रीलंकामा ६५० किमी, पाकिस्तानमा पाँच हजार ३७७ किमी र भुटानमा २७६ किमी सडक बन्ने भएको छ । भुटानको थिम्पुबाट भारत-बंगलादेश सीमा च्यांग्राबन्धसम्म एसियाली राजमार्गले जोडिनेछ ।

### पूर्वमा असारदेखि काम सुरु हुने

पूर्वतिर काँकडभिट्टाबाट सुनसरीको लौकहीसम्मको ९५.५ किलोमिटर सडकखण्डमा एसियाली राजमार्गअन्तर्गत सडक तथा पुल निर्माणकार्य सुरु गरिने भएको छ । एसियाली विकास बैंकले सो सडक निर्माणका लागि ३० करोड अमेरिकी डलर (३८ अर्ब रूपैयाँ) बराबरको ऋण स्वीकृत गरेको छ । नेपालले आन्तरिक स्रोतबाट सात अर्ब रूपैयाँ लगानी जुटाउनुपर्नेछ ।

यो सडक बनाउनका लागि एसियाली विकास बैंकको आयोजना निर्देशनालयले ठेक्का प्रक्रिया अघि बढाइसकेको छ । विभिन्न खण्डमा गरेर सडक निर्माण गरिने भएको छ । सहरी क्षेत्रमा छ लेन र अन्य स्थानमा चार लेनमात्र सडक निर्माण गरिने बताइएको छ ।

एसियाली विकास बैंक आयोजना निर्देशनालयका उपआयोजना निर्देशक प्रदीप शाक्यले झापाबाट सुनसरीको लौकहीसम्मको एसियाली राजमार्गमा छवटा आधुनिक आर्कब्रिज, चारआली, बिर्तामोड र इटहरीमा अन्डर-पास निर्माण गरिने बताए । अहिलेका पुराना सबै पुललाई विस्थापित गरी नयाँ र फराकिला पुलको निर्माण गरिने उनले बताए ।

उनका अनुसार कोसी नदी पश्चिमको लहान खण्डमा निर्माण कार्य धमाधम भइरहेको छ भने नारायणगढ-हेटौंडा-पथलैया-कमला खण्डमा पनि काम अघि बढाइने भएको छ । नेपालको पूर्वपश्चिम राजमार्गलाई 'सी-ग्रेड'को मानिन्छ । अब पूर्वपश्चिम राजमार्गलाई स्तरोन्नति गरेर एसियाली राजमार्ग मापदण्डअनुरूप 'ए-ग्रेड'को बनाउनुपर्ने छ । उनले बजार क्षेत्र भने छ लेनको सडक बनाइने बताए । *रासस*

## ओलीमाथिको आरोप...

पृष्ठ १ बाट जारी

जुलीकुमारी महतो (महासेठ), भगवती चौधरी, ज्वालाकुमारी साह, दयालबहादुर शाही, दामोदर पौडेल 'वैरागी,' महेशकुमार बर्तौला र सूर्यप्रसाद ढकालले संशोधन प्रस्ताव फिर्ता लिएनन् । त्यसपछि सभामुख देवराज घिमिरेले उनीहरूको संशोधन प्रस्ताव संसद्मा निर्णयार्थ प्रस्तुत गरेका थिए । अन्ततः संसद्मा उनीहरूको प्रस्ताव बहुमतले अस्वीकृत भयो ।

नीति तथा कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा. चन्दा कार्की भण्डारी, सोविता गौतम र सुमना श्रेष्ठले पनि संशोधन प्रस्ताव फिर्ता नलिएपछि निर्णयार्थ प्रस्तुत हुँदा बहुमतले अस्वीकृत भएको सभामुख घिमिरेले घोषणा गरे । राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसी र नेपाल मजदुर किसान पार्टीबाट सांसद प्रेम सुवालको संशोधन प्रस्ताव पनि बहुमतले नै अस्वीकृत भयो ।

राष्ट्रियसभामा पनि तीनवटा संशोधन प्रस्ताव दर्ता भएकोमा सबै अस्वीकृत भएपछि त्यहाँबाट यसअघि नै नीति तथा कार्यक्रम पारित भइसकेको छ । प्रतिनिधिसभामा प्रधानमन्त्रीले जवाफ दिएर शुक्रबार नै पारित हुने कार्यसूची थियो । तर, प्रमुख विपक्षी दल एमालेका सांसदहरूले संसद् अवरुद्ध गर्‍यो । पशुपतिनाथ मन्दिरमा लगाएको सुनको जलहरीमा झण्डै ११ किलो सुन गायव भएको विषयमा पार्टी अध्यक्षसमेत रहेका सांसद केपी शर्मा ओलीलाई माओवादी सांसद लेखनाथ दाहालले मुछेपछि आक्रोशित एमालेले सरकारसँग जवाफ माग्दै संसद् बैठक अवरुद्ध पारेको थियो ।

शनिबार बिहान भने प्रधानमन्त्री दाहालले संसद्मा जलहरीको सुन गायव काण्डमा ओली नभई पशुपति क्षेत्र विकास कोष जिम्मेवार हुने भन्दै जवाफ दिने र सांसद लेखनाथको सम्बोधन रेकर्डबाट हटाउने समझदारी ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँग गरेपछि पुनः सुरु भएको संसद्ले नीति तथा कार्यक्रम पारित गरेको हो ।

सरकारले रोजगारी सिर्जनादेखि भ्रष्टाचार एवं महँगी नियन्त्रणलगायतका विषयलाई प्राथमिकतामा राख्दै नयाँ आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम ल्याएको हो । भ्रष्टाचार नियन्त्रणमा 'एक्सन' लिएको बताउँदै सरकारले उच्च पदस्थलगायत जो कोहीले गैरकानुनीरूपमा आर्जन गरेको सम्पत्तिलाई छानविनको दायरामा ल्याउने नीति लिएको छ ।

राजस्व प्रणालीलाई सुदृढ तथा चुस्त बनाउँदै कर प्रणालीमा पुनरवलोकन गर्ने र राजस्वको दायरा बढाउने नीति पनि सरकारले लिएको छ । रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण गर्दै, सुशासन कायम गर्ने, सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनेसँगै शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासमा सरकारले ध्यान दिने भन्दै प्राथमिकतामा राखेको छ । संघीयताको सही कार्यान्वयनमा सरकारको नीति छ ।

नागरिकता समस्या समाधानका लागि नागरिकता विधेयक राष्ट्रपतिमार्फत प्रमाणीकरण गराउने, विदेशमा रहेका नेपालीलाई मताधिकारको निश्चित गर्ने पनि सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । संसद् बैठकमा एमाले अध्यक्ष ओलीले सरकारको नीति कार्यक्रमले देशलाई निर्देश गर्न नसक्ने ठोकुवा गरेका थिए । उनले नीति कार्यक्रम एउटा बेकारको पुलिन्दा भएको टिप्पणीसमेत गरेका थिए ।

'यो एउटा बेकारको पुलिन्दा हो । यसले देशलाई निर्देशित गर्न सक्दैन । नीतिगत हिसाबले निर्देशित गर्न सक्दैन । कार्यक्रमिक हिसाबले निर्देशित गर्न सक्दैन । त्यसैले कि यो नीति कार्यक्रम पुनर्लेखन गरेर ल्याउनुहोस् । होइन भने छक्का हानेर रिङ आउट गर्दिन्छौं,' ओलीले चेतावनीयुक्त अभिव्यक्ति दिएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सरकारको नीति तथा कार्यक्रममा देशमा गरिखाने वातवारण नदेखिएको भन्दै असन्तुष्टि जनाए । लगानी भित्र्याएर उद्यमशीलताको प्रवर्द्धन गर्दै रोजगारीको सिर्जना र अर्थतन्त्रलाई चलायमान बनाउने ठोस नीति पनि नभएको उनको भनाइ थियो । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पनि एमाले अध्यक्ष ओलीले जसरी नीति तथा कार्यक्रम पुनर्लेखन आवश्यक भएको बताएका थिए । होइन भने पारित गर्न नसकिने उनको भनाइ थियो ।

तर, सरकारले संसद्मा प्रस्तुत गरेको नीति कार्यक्रम पुनर्लेखनको अभ्यास भने छैन । सांसदहरूमाझ छलफल गराउने र यदि औचित्यपूर्ण केही विषय छुटे बजेटमार्फत सम्बोधन गराउने गरिन्छ ।

प्रधानमन्त्री दाहालको शब्दमा भन्दा 'फुलस्टप र कमा' पनि नीति तथा कार्यक्रममा परिमार्जन नगर्ने प्रचलन छ । यद्यपि, प्रधानमन्त्री दाहालले संसद्मा छलफल गराउने तर छलफलमा उठेका विषयलाई नीति तथा कार्यक्रममा समावेश नगराउने प्रचलन यही अन्तिम बनाउनुपर्ने बताए ।

उनले संसद्मा भने, 'राजनीतिक तहमा पनि र ऐन कानुनको व्यवस्थामा पनि परिवर्तन गर्न जरूरी छ । अर्को सालसम्म तपाईं हामी सबै मिल्यौं भने संसद्मा छलफल भएको विषयलाई लिएर नीति तथा कार्यक्रम परिमार्जन हुनसक्छ ।'

दाहाल नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रममा बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रिया अगाडि बढाइने, सबै प्रदेशमा मेडिकल कलेज स्थापना गरिने, प्रत्येक गाउँपालिकामा एउटा स्मार्ट विद्यालय बनाइने र सिँचाइका लागि विद्युत् महसुलमा छुट दिइने नीति सरकारको छ ।

आगलागी, दुर्घटना, डढेलोसँगै आपराधिक क्रियाकलापबाट घाइते हुनेको तत्काल उद्धार गर्नेगरी विशेष कार्यदल बनाइने भएको छ । पुँजी पलायनमा कडाइ गरिने, बैंक खाता खोल्न, सवारी लाइसेन्स लिन, लालपुर्जा जारी गर्दा र स्थायी लेखा नम्बर लिँदा अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र नम्बर चाहिने नीति पनि सरकारले अख्तियार गर्ने भएको छ ।

बर्खायाममा मासिक ५० युनिट र हिउँदमा मासिक ३० युनिटसम्म विद्युत् खपत गर्ने उपभोक्तालाई निःशुल्क विद्युत उपलब्ध गराइने, कपिलवस्तुको तिलौराकोट र जनकपुरको जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिने, इन्टरनेटको माध्यमबाट गरिने विज्ञापनलाई करको दायरामा ल्याइने विषय पनि सरकारको नीति तथा कार्यक्रममा छ ।

प्रदेश तथा स्थानीय तहको समन्वयमा मेट्रो, मोनो र ट्राम निर्माण तथा सञ्जालको अध्ययन गरिने, कोशी, गण्डकी, कर्णाली, भेरीलगायत प्रमुख नदीमा जलमार्ग विकासका लागि आवश्यक योजना निर्माण गरिने, आविष्कार कोष स्थापना गरिने, रेडियो नेपाल रनेपाल टेलिभिजनलाई गाभिने र उच्च स्तरीय न्याय प्रशासन सुधार आयोग गठन गर्ने पनि सरकारले नीति लिएको छ । यिनै नीति तथा कार्यक्रमको आधारमा सरकारले यही १५ जेठमा बजेट ल्याउन लागेको छ । अर्थमन्त्रालयका अधिकारीहरू यतिबेला बजेट लेख्न व्यस्त छन् ।

# पत्रकारका लागि निःशुल्क आँखा शिविर सम्पन्न



**काठमाडौं (प्रस)-** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) काठमाडौं शाखाको आयोजनामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । शनिबार अनामनगरमा सञ्चालित शिविरमा ८० जनाभन्दा बढीले आँखा जाँच गराएको आयोजकले जानकारी दिएको छ ।

फोनिज काठमाडौंले अरनिको समाजसँगको सहकार्यमा शिविर सञ्चालन गरेको हो । 'शिविरमा ३० जना लेखक/पत्रकार र ५० भन्दा बढी सार्वसाधारणले सेवा लिएका छन्,' फोनिज काठमाडौंका अध्यक्ष शैलेश डंगोलले बताए । आँखा परीक्षणसँगै चश्मा, आइड्रपलगायत स्वास्थ्यसामग्रीसमेत निःशुल्क वितरण गरिएको उनको भनाइ छ ।

पत्रकारहरू कम्प्युटर तथा अन्य प्रविधिसँग व्यस्त भइराख्नुपर्ने भएकाले आँखाको सुरक्षामा चुनौती बढ्दै गएको बेला फोनिज काठमाडौंले आफ्नो अतिरिक्त क्रियाकलापअन्तर्गत आँखा शिविर सञ्चालन गरिएको उनले बताए । शिविरको उद्घाटन बागमती प्रदेशसभा सदस्य एवं पूर्वसंस्कृति तथा पर्यटनमन्त्री दीपेन्द्र श्रेष्ठले गरेका थिए । उनले आदिवासी जनजाति पत्रकारहरूले आफ्नो कला, संस्कृति, अधिकार र पहिचानको पक्षमा सधैं कलम चलाउनुपर्ने बताए । समुदायको हित प्रवर्द्धनमा गहनरूपमा अध्ययन अनुसन्धान गरी आर्थिक समृद्धिको पाटोका लाग्नसमेत उनले सुझाव दिए ।

कार्यक्रममा फोनिजका संघीय कोषाध्यक्ष लाला गुरुङ, फोनिज बागमती प्रदेश अध्यक्ष युवराज श्रेष्ठ, अरनिको समाजका अध्यक्ष बालकृष्ण श्रेष्ठलगायतले मन्तव्य राखेका थिए ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जलहरीमा जेलिएको भ्रष्टाचारको जालो

पशुपतिनाथको ज्योतिर्लिंग अडिने र चढाइएको वस्तु बगेर जाने आधार हो, जलहरी । यो पहिले चाँदीको थियो । जलहरी ठाउँठाउँमा च्यातिएपछि सफा गर्ने क्रममा हात काटिन थाल्यो । त्यसपछि यसलाई मर्मत गर्ने कुरा उठ्यो । मर्मतै गर्नुभन्दा सुनकै जलहरी बनाउन तयार देखिए तत्कालीन प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । प्रधानमन्त्री रहेकै बेला २०७७ माघ १२ गते ओली पशुपति पुगेर संकल्प पूजा गरे । कम्युनिस्ट नेता पशुपति पुगेर पूजा गर्नु कतिले राम्रो भने भने कतिले आलोचना ।

'नयाँ जोगीले धेरै खरानी घस्छ' भन्ने उखान चरितार्थ हुने गरी कम्युनिस्ट नेताले राज्यको तर्फबाट ३० करोड रूपैयाँ दिने प्रतिबद्धता जनाए । जतिबेला देश कोभिड–१९ महामारीसँग जुधिरहेको थियो । महामारीविरुद्धको खोप नभएको बेला जलहरीका लागि सरकारले ३० करोड दिनु अचम्मलाग्दो कुरा थियो । जलहरीमा राख्ने सुन किन्न करिब एक अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको थियो । पशुपतिनाथ विकास कोषमा त्यतिबेला सुनको जलहरी राख्न आह्वान गर्दा ४० लाख रूपैयाँ संकलन भइसकेको थियो । सरकारले ३० करोड दिने भएपछि तत्कालै काम अघि बढायो कोषले । २०७७ फागुनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले जलहरीको उद्घाटन गरिन् ।

कोषले १०८ किलोको सुनको जलहरी राख्न ८० करोड खर्च गऱ्यो । जलहरीमा १०८ किलो सुन राखेको भनिए पनि ९७ किलोमात्र सुन भएको पशुपतिकै भण्डारीले आरोप लगाए । त्यसपछि त्यतिबेलाका बागमती प्रदेशसभा सदस्य नरोत्तम वैद्य र अधिवक्ता निकिता ढुंगानाले सर्वोच्चमा मुद्दा हाले । उक्त मुद्दाको अझै किनारा लागेको छैन । २०७८ असारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यही विषयमा छानविन थाल्यो । अख्तियारको अनुसन्धान पनि जारी नै छ । पछिल्लोपटक प्रतिनिधिसभा बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा शुक्रबार सत्तापक्ष नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले एमाले अध्यक्ष ओलीमाथि सुन भनेर पित्तलको जलहरी बनाएको आरोप लगाए । त्यसपछि सदन अवरुद्ध गर्न उत्रियो एमाले । अनेकौं प्रयासपछि उक्त सांसद दाहालले बोलेको रेकर्ड सदनको रेकर्डबाट हटाएको छ भने नीति तथा कार्यक्रम पास । कोरोनाकालयता जनता आर्थिक मन्दीले ग्रस्त छ । सरकार भने 'ऋण लिएर घिउ खाने' शैलीमा काम गरेर त्यही विषयमा जनतालाई चक्कर लगाउने गरी सदनमै तमासा देखाउन पछि परेको छैन । यस्तो विषयमा चाँडो अनुसन्धान होस् र जेलिएको जालोबारे सत्यतथ्य पत्ता लगाएर भ्रष्टाचारीलाई कारबाही गरियोस् ।

## मनन्योग्य
### चाणक्य नीति

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो ।

क्रमशः रू रूप



# 'लोकतन्त्रलाई सुदृढ तुल्याउन जनता सजग रहनुपर्छ'

**डा. रामवरण यादव**
प्रथम राष्ट्रपति

*मुलुकमा १० वर्षे लामो सशस्त्र विद्रोह अन्त्य गर्न तत्कालीन सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो । शान्ति सम्झौताअनुरूप संविधानसभाको निर्वाचन र तत्कालका लागि अन्तरिम संविधान जारी गर्दै द्वन्द्व व्यवस्थापन गर्न दुवै पक्ष सहमत भए । उक्त सहमतिअनुसार, २०६४ चैत २८ गते ऐतिहासिक संविधानसभाको निर्वाचन भयो भने २०६५ जेठ १५ गते संविधानसभाको प्रथम बैठकले २४० वर्षदेखि कायम रहेको शाह वंशीय राजतन्त्र अन्त्य गर्दै गणतन्त्र घोषणा गऱ्यो । राजतन्त्र अन्त्यको घोषणापछि भएको राष्ट्रपति निर्वाचनमा नेपालको लोकतान्त्रिक आन्दोलनमा अतुलनीय योगदान पुऱ्याएका तराई-मधेसमा मध्यमवर्गीय परिवारमा जन्मिएका **डा. रामवरण यादव** नेपालको प्रथम राष्ट्रपतिमा निर्वाचित भए । उनले मुलुकको अभिभावक र नागरिक समाजको अगुवाको भूमिकामा रही संविधान र संघीयता कार्यान्वयनलगायत देशमा भइरहेका घटना तथा परिघटनालाई नजिकबाट नियाल्दै आएका छन् । मुलुकका जल्दाबल्दा विषयवस्तु र घटनाक्रममा केन्द्रित रही गणतन्त्र दिवसका अवसरमा उनीसँग* राष्ट्रिय समाचार समिति*का वरिष्ठ समाचारदाताद्वय* नारायण न्यौपाने र भीष्मराज ओझा*ले गरेको कुराकानीः*

**अहिले यहाँको दिनचर्या कसरी अघि बढिरहेको छ ?**

उमेरका कारण हुने रोग र समस्याले चुनौती खडा गर्छ । राष्ट्रपतिको जिम्मेवारीबाट अलग भएको केही महिनामै बिरामी परे । त्यसको उपचार भयो । त्यो अहिले ठीक छ । दिनचर्याको रुटिन छ । तापनि पेटको रोग, मधुमेह, उच्च रक्तचाप छ । बिहान उठेर ५ बजेदेखि हिँड्छु, शारीरिक व्यायाम गर्छु । खाना खान्छु । औषधि खान्छु । समाजका विभिन्न क्षेत्रका मानिससँग भेटघाट हुन्छ । देशको समसामयिक विषयमा कुराकानी हुन्छ । समय पाएँ भने किताब पढ्छु । यसरी नै बितिरहेको छ, जीवन ।

**मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश भएपछि डेढ दशकको अवधिमा भएको अभ्यासलाई कसरी हेर्नुभएको छ ?**

जनताका हकअधिकारको लडाइँको इतिहास लामो छ । वि.सं. २००७, २०४६ र ०६२/६३ को परिवर्तनपछि र लामो संक्रमणपछि संविधानसभाबाट संविधान बनाएर अहिले अघि बढिरहेका छौं, यो सुखद पक्ष हो । सकारात्मक पक्ष भनेको संघ, प्रदेश र स्थानीय तहको दुईपटक चुनाव भए । नियम, कानुनअनुसार शक्तिको बाँडफाँट क्रमशः संस्थागत भइरहेको छ । संविधानको मर्म र भावनाअनुसार स्थानीय तहलगायत तीन तहमै समानुपातिक र समावेशी सिद्धान्तअनुरूप प्रतिनिधित्व भएको छ । देशमा हिमाल, पहाड र तराई भएजस्तो धर्म, जातजाति र समुदायको विविधता छ, लोकतन्त्रमा सबैलाई समेटेर जाने सकारात्मक पक्ष हो । तथापि, केही कुरा व्यवस्थित भएको छैन, आर्थिक अनुशासन कायम हुन सकेको छैन ।

जनतालाई लोकतन्त्रमा खेल्न दिनुपर्छ, अहिले हामीले बनाएको संविधान लोकतन्त्रको मूल बाटो हो । जनताको आशीर्वादले राजनीतिक दलले बुद्धि पुऱ्याएर एउटा संविधान बनाए यो सुखद पक्ष हो । अहिलेको अभ्यासमा सबैखाले शक्तिले आत्मसात् गरिसकेको छ । जनता शिक्षित भइसकेका छन्, सजग छन् । संसद्बाट कानुन तथा केन्द्रीय सरकारले स्थानीय तहमा कर्मचारी दिनुपर्छ ।

मुख्य राजनीतिक दलले संविधान पूर्ण लागू गर्ने विषयमा विशेष ध्यान पुऱ्याउनुपर्छ । चुनावमा विकृति छ धेरै खर्च भइरहेको छ । अभ्यास गर्दै देखिएका कमीकमजोरलाई सच्याउँदै अघि जानुपर्छ । कुनै पनि संविधानको सफलता कार्यान्वयन गर्ने व्यक्तिमा भरपर्छ । नेपालको संविधान लोकतान्त्रिक, गणतान्त्रिक, समावेशी र समानुपातिक भएकाले यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी राजनीतिक दलको हो भने त्यसको अभ्यासबारे नागरिक समाजले खबरदारी गर्नुपर्छ ।

**गणतन्त्रलाई थप सुदृढ तुल्याउन समाजका क-कसको थप मुख्य भूमिका आवश्यक पर्छ ?**

संसदीय प्रणालीमा कार्यपालिका, न्यायपालिका र विधायिका शक्ति पृथकीकरणका आधारमा हुन्छ । सरकार कानुन विधि प्रक्रियाअनुरूप काम गर्दै संसद्प्रति उत्तरदायी हुनुपर्छ । बेलायतमा हेर्नुभयो भने जति समस्या पर्छ त्यो सबै संसद्ले हल गर्छ । नेपालमा पार्लियामेन्टलाई जहिले पनि अवरोध गर्ने प्रयास गरिन्छ । संसदीय प्रणालीमा जनता सार्वभौम हुन्छन् । जनप्रतिनिधिले नै मुलुकको समस्या समाधान गर्नुपर्छ भन्ने मान्यता हो । सरकार जहिले पनि संसद्प्रति उत्तरदायी हुनुपर्छ । अहिले नयाँ संसद् छ, पहिलेभन्दा भाइब्रेन्ट छलफल भइरहेको छ । त्यहाँको छलफल र बहसले जनता शिक्षित हुन्छन्, सुधारको ठाउँ पनि रहन्छ । छलफल र वादविवादले नै विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउँछ । साथै अदालतलाई स्वतन्त्र र निष्पक्ष भएर काम गर्न दिनुपर्छ । तीनवटै निकायको आ-आफ्नो कार्यक्षेत्र र परिधि छ । सबैले सीमाभित्र बसेर कार्यजिम्मेवारी पूरा गर्नुपर्छ । राज्यलाई क्षमतावान व्यक्ति छनोट गरिनुपर्नेमा भागबण्डामा छान्ने प्रवृत्ति विकृति हो । यस्ता गतिविधि संसदीय व्यवस्थामा जनताको दबाबले सुधार हुँदै जान्छ ।

**मुलुकमा गणतन्त्र स्थापनाअघि र पछिको समयलाई कसरी मूल्यांकन गर्नुभएको छ ?**

गणतन्त्र स्थापनापछि समाजका विभिन्न जातजाति समुदाय र क्षेत्रबाट हुने प्रतिनिधित्वमा तुलनात्मक सुधार भएको छ । संघीयतालाई खर्चिलो भयोभन्दा पनि व्यवस्थित र राम्रो बनाएर लैजानुपर्छ भन्ने जिम्मेवारी सरकार र राजनीतिक दलको छ । चुनाव खर्चिलो छ, यसले योगदान पुऱ्याएका असल मान्छे आउन सकेका छैनन् । त्यस्ता विकृति हटाउनुपर्छ । अहिले अर्थतन्त्र कमजोर छ, देश सुन्दर भए पनि हामीले कृषिलाई प्राथमिकता, पर्यटन र औद्योगिक क्षेत्रको विकास र विस्तार गर्न सकेनौं । अर्थतन्त्र रेमिटचान्सबाट मात्र धान्ने अवस्था हुनु भनेको कहीँ गल्ती भएको छ भन्ने हो । यस्ता विषयमा समाजका विभिन्न क्षेत्रका विज्ञसँग बहस गरी समाधानका उपाय खोज्नुपर्छ । देशको एकता र अखण्डतालाई कायम गर्दै छिमेकीसँगको सम्बन्धलाई विस्तार गर्नुपर्छ ।

**गणतन्त्र स्थापनापछि सामान्य जनताका सेवासुविधा र हकअधिकारको पाटोलाई कसरी नियाल्नुभएको छ ?**

गणतन्त्र स्थापना र नेपालको संविधान जारीपछिलगत्तै मुलुकमा विभिन्न चुनौती आइपरे । यसबीचमा कोभिड महामारी, महाभूकम्पजस्ता विपत्ति झेल्नुपऱ्यो । अन्तर्राष्ट्रियरूपमा पनि देशदेशबीच लडाइँ, महँगी भइरहेको छ । त्यसले संसारमै गरिबी बढेको छ । यस्तो अवस्थामा सामान्य जीवनयापनमा कठिनाइ छ । तथापि, सडक, प्रविधि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चारका क्षेत्रमा ठूलो परिवर्तन भएको छ । लोकतान्त्रिक व्यवस्थामा जनताको बोल्न पाउने अधिकार हो । अहिले पनि दलीत र पछि परेको वर्ग समुदायलाई सबै क्षेत्रमा समेट्न नसके पनि सबैका आवाज सम्बोधान गर्न कानुन भने निर्माण भएका छन् । तीन तहको सरकारको मुख्य जिम्मेवारी भनेको जनताका समस्या र मागलाई सम्बोधन गर्नु नै हो । आशा गरेअनुरूप नभए पनि केही काम अघि बढेको छ । लोकतान्त्रिक प्रणाली र पद्धतिमा विस्तारै परिणाम प्राप्त हुन्छ ।

**मुलुकको जिम्मेवार पदमा रहेका व्यक्ति नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका र उनीहरूको अनुसन्धान जारी भइरहेकै बेला मुलुकको पश्चिमी क्षेत्रमा अभिनन्दन कार्यक्रम भएको घटनालाई कसरी हेर्नुहुन्छ ?**

देशका कानुन निर्माण र लागू गर्ने ठाउँमा बस्नेबाटै विकृति देखियो, यसले मुलुकका अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि बिग्रियो । गलत मान्छेका कारण राज्य पद्धतिमा यस्ता घटना कहिलेकाहीँ हुन्छन् । त्यसलाई विधानअनुसार कारबाही गरिनुपर्छ । जनप्रतिनिधिले इमान्दार पूर्वक काम गरे/नगरेको जनताले खबरदारी गरिरहेको हुन्छ, यही हो नै लोकतन्त्र हो । देशभर र काठमाडौंका सडक विरोध अनि मिडियामा हेर्नुस् त त्यसबारे कति लेखिएको छ । त्यस्ता घटना भएपछि जो कोही भए पनि अनुसन्धान गर्न बाधा पुऱ्याउन हुन्न । बाधा पुऱ्याउन खोजियो भने जनताले गर्ने खबरदारीले त्यसमा दबाब पर्छ, छिटो अनि सतप्रतिशत कारबाहीमा परुन् भन्ने जनताको चाहना हुन्छ तर ९० प्रतिशत भयो भने पनि हामीले त्यसलाई सकारात्मकरूपमा लिनुपर्छ । बाँकीको त त्यसै सातो गइहाल्छ नि । विस्तारै नतिजा हासिल हुने लोकतन्त्रको पद्धति नै हो ।

अब रह्यो अभिनन्दनको कुरा संसारमा परम्परावादी शक्ति अहिले पनि छन् । उदाहरणका लागि जर्मनीमा हिटलरका कार्यकर्ता अझै पनि सलमलाएकै देखिन्छ । अमेरिकामै पनि लोकतन्त्रको ठूलो इतिहास अर्थात् भाइब्रेन्ट डेमोक्रेसी छ, तर पनि कहिलेकाहीँ कस्ता-कस्ता मान्छे चुनिन्छन् देखिरहेकै छौं । कुनै मुलुकमा कहिले धार्मिक कुरा उठाएर त्यस्ता शक्तिले जनतालाई दिग्भ्रमित तुल्याउन खोज्छन् । यस्ता कुरा आए, भए भनेर आत्तिन हुन्न घरबराउनु हुन्न । हतियार उठाएर देशै विभाजन गर्छु भन्ने शक्तिसमेत लोकतन्त्रको अभ्यासमा आइसकेको अवस्थामा केही कतै पुराना अतिवादी शक्तिलाई धेरै महत्त्व दिएर चर्चामा ल्याउनुको कुनै औचित्य छैन । जनता धेरै शिक्षित भइसकेका छन् । लोकतान्त्रिक प्रणालीमा राजनीतिक दलले इमान्दारीकासाथ काम गर्नुपर्छ । अरु विषयमा धेरै चिन्ता लिनुपर्दैन ।

**पछिल्ला समय संघीयता अर्थात् प्रदेशसँग जोडेर अलि खर्चिलो भयो, मुलुकले धान्न सक्दैन कि भन्ने पाटोबाट प्रश्न उठाइएको छ, यसलाई यहाँले कसरी हेर्नुभएको छ ?**

हाम्रो विविधतालाई समेटेर एकता कायम गर्न संघीयता ल्याइएको हो । अभ्यास गरेको भर्खर आठ वर्ष भएकाले संघीयताबारे अहिले नै सफल असफल भनेर मूल्यांकन गर्ने बेला भएको छैन । सफलतातर्फ लैजान नै हामी सबैको प्रयास हुनुपर्छ । तीन तहका लागि चाहिने आवश्यक कानुन निर्माण गर्नुपऱ्यो । समाञ्जस्यता हुनुपऱ्यो । विकृतिलाई कम तुल्याउँदै गइयो भने खर्चिलो भए पनि जनताको हितमा रहेकाले उनीहरूले ग्रहण गरेकै छन् । हिमाल, पहाड, तराई र दूरदराजमा जहाँ गए पनि जनताले संघीयताको अभ्यासलाई कहीं कतै प्रश्न उठाएको देखिन्न । कार्यान्वयन गर्न संविधानअनुरूप के-कस्ता कानुन बनाउनपर्ने हो, त्यसतर्फ बढी ध्यान दिनुपर्छ ।

**गणतन्त्र, लोकतन्त्र र संघीयताको अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा भइरहेको अभ्यासलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

संसारका हरेक विषयमा सकारात्मक र नकारात्मक पाटो दुवै हुन्छ । २१औं शताब्दीमा संसारका घटना र परिघटनाको अनुभव लिएर हामी अघि बढिरहेका छौं । यो व्यवस्थाको विकल्प छैन । लोकतन्त्रपछि कुन शासनपद्धति ल्याउने त ! विगतका आन्दोलन सफल भएर नै लोकतन्त्र र गणतन्त्र ल्याएका छौं । संसारका सभ्य समाज र देशले अवलम्बन गरेको लोकतान्त्रिक प्रणालीमा हामी छौं । लोकतन्त्रको विकल्प भनेको सुधारसहितको लोकतन्त्रमात्रै हो । अझै समावेशी भने गर्न सकिन्छ । हामीले ल्याएको लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय व्यवस्था हो, यो समावेशी र समानुपातिक छ, यसमा सबै धर्म, समुदाय र वर्ग समेटिएको छ । यो ठूलो कुरा हो, यो उन्नत पनि छ । मुलुक चलाउने मुख्य जिम्मेवारीमा रहने कार्यकारी प्रमुख प्रधानमन्त्रीले यो व्यवस्थालाई बलियो तुल्याउने र अभ्यासमा लैजान अत्यन्त जरुरी छ, त्यो प्रभावकारी भइरहेको महसुस भएन । सरकारको नेतृत्वले इमान्दारीपूर्वक सही व्यक्तिको छनोट गर्नुको सट्टा शिक्षा, स्वास्थ्य, प्रशासनमा राम्रोभन्दा आफ्नो मान्छे छान्ने प्रवृत्ति छ, त्यस्तो विकृतिलाई हटाउनुपर्छ ।

**यो राजनीतिक प्रणालीलाई स्थापित गर्ने तथा लोकतन्त्रलाई सुदृढ तुल्याउने सन्दर्भमा राष्ट्रपतिको भूमिका कस्तो रहन्छ ?**

संविधानको रक्षक, पालक, एकताको प्रतीक र देशको अभिभावककारूपमा राष्ट्रपतिलाई लिइएको छ । राष्ट्रपतिको जिम्मेवारी यसअघि दुई जनालाई सम्हाल्ने अवसर प्राप्त भयो । संक्रमणकाल रहेकाले संविधानको परिधिभित्र रही मैले आफ्नो क्षमताअनुसार काम गरें । तत्कालीन अवस्थामा रहेको शान्ति प्रक्रिया र संक्रमणकालको अवस्थामा लोकतन्त्रलाई जोगाउन भूमिका निर्वाह गरे भन्ने लाग्छ । त्यसपछि राजनीति दलले एउटा साझा प्रधानमन्त्री दिन नसक्ने अनि अदालतले संविधानसभाको समयसीमा तोक्नेजस्ता काम भए । दलले पनि संविधान बनाएर दिन नसक्ने अवस्था भयो । राजनीतिक दलको त्यो कमजोरी राष्ट्रपति संस्थामा ठोकियो । त्यसपछि प्रधानन्यायाधीशलाई चुनाव गराउने जिम्मेवारी दिनुपऱ्यो । साधन नराम्रो भए पनि साध्य अर्थात् गन्तव्य ठीक हुन्छ भनी जोखिम लिएर अप्ठ्यारो परिस्थितिमा प्रधानन्यायाधीशलाई जिम्मेवारी दिएर चुनाव गराइयो । जनसहभागिता राम्रो रह्यो । त्यसपछि सबै शक्ति एकै ठाउँमा उभिएर संविधान जारी गर्ने वातावरण बन्यो, के त्यो सुखद पक्ष होइन र ! अर्को राष्ट्रपतिको समयसम्म आइपुग्दा समय बेग्लै र जनता धेरै शिक्षित र जानकार भइरहेको अवस्था रह्यो । अहिले रामचन्द्रजी भर्खर राष्ट्रपति हुनुभएको छ, उहाँको लामो राजनीतिक संघर्षको इतिहास छ, सविधानको रक्षाका लागि चनाखो भएर बस्नुपर्छ, त्यो सजगता गर्नुहुने विश्वास छ ।

**पूर्वराष्ट्रपति मुलुकको प्रतिष्ठित चिकित्सक भएकाले सरकारी अस्पतालमा गएर स्वास्थ्यको पाटोबाट जनतालाई सेवा गर्नु उपयुक्त हुन्छ कि भन्ने जनताको सुझाव छ, यसमा यहाँको दृष्टिकोण के छ ?**

मप्रतिको सुझाव, जनताको सही चाहना हो । वास्तविकरूपमा भन्नुपर्दा राष्ट्रपतिको जिम्मेवारीबाट बाहिरिएपछि बिरामी परें । शल्यक्रिया गर्नुपऱ्यो, लामो नियमित उपचारमा रहनुपऱ्यो । केही वर्ष त्यसैमा बित्यो । अहिले पेटको रोग छ, समयमा खाने, सुत्ने, ढाड र गोडाको व्यायाम गर्नेजस्ता नियमित गर्नुपर्छ । शरीरले काम गर्न दिइरहेको छैन, इच्छा भएर पनि यो अवस्थामा मैले बिरामीलाई न्याय गर्न सक्दिनँ । बिरामीप्रति न्याय गर्न सकिने भने त्यो देखावटीमात्र हुन्छ । स्वास्थ्य ठीक रहेका बेला १२ घण्टासम्म नियमित काम गरेको कुरा जो कोही जनकपुरवासीलाई सोधे हुन्छ । जनताको चाहनालाई सम्मान गर्छु ।

**गणतन्त्र दिवसका अवसरमा नेपाली जनतालाई यहाँको केही सुझाव वा सन्देश छ ?**

हामी जुन लोकतन्त्रमा छौं, त्यसमा मिडिया भाइब्रेन्ट छ, जनता सचेत छन्, कहाँ अनियमिता र गलत छ भन्नेमा पनि सामान्य जनता भइरहेको अभ्यासलाई राम्रोसँग बुझिरहेका छन् । लोकतन्त्रलाई सुदृढ तुल्याउन जनता सजग भइरहनुपर्छ । समावेशी सिद्धान्तलाई आत्मसात गरेपछि महिला, दलित, मधेसी, आदिवासी जनजातिलगायत विभिन्न समुदायका हजारौं हजार व्यक्ति स्थानीय तहमा निर्वाचित भएको अवस्था छ । सबैलाई लिएर हिँड्ने लोकतन्त्रको जहाज अलिअलि ढलमल गरे पनि सहीरूपमा समयमै सुरक्षित साथ गन्तव्यमा पुग्नेछ । अहिले जनता सजग छन् जस्तोसुकै चुनौतीलाई पनि पार गर्छन् । हामीले अभ्यास गरिरहेको लोकतन्त्र सुन्दर र सही छ, संविधान लोकतन्त्रको मूल बाटो हो । यो मूलबाटोभन्दा बाहिर जान हुन्न । सजग भएर हिँड्नुपर्छ ।



**साकेला सांस्कृतिक कार्यक्रम** | उभौली पर्व (साकेला)का अवसरमा शनिबार झापाको कमल गाउँपालिका-५ सितापुरीमा आयोजना गरिएको जिल्लास्तरीय साकेला सांस्कृतिक कार्यक्रममा आफ्नो प्रस्तुति देखाउँदै युवाहरू ।
*तस्बिरः यज्ञराज आङदेम्बे/रासस*

# बालमैत्री बन्यो गलकोट नगरपालिका

**गलकोट–** बागलुङको गलकोट नगरपालिका गण्डकी प्रदेशको तेस्रो बालमैत्री नगर घोषणा भएको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भएका ५१ सूचक पूरा गर्दै नगरपालिका बालमैत्री पालिका घोषणा भएको हो । नगरपालिकाका ११ वटै वडा बागलमैत्री वडा घोषणा भएका छन् ।

पालिकाका सबै वडा बागलमैत्री वडा घोषणा भएपछि प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशिला सिंखडाको प्रमुख आतिथ्यतामा शनिबार गलकोट नगरपालिकाले आयोजना गरेको कार्यक्रममा गलकोटलाई बालमैत्री नगर घोषणा गरिएको नगरपालिका कार्यालयले जनाएको छ । बालमैत्री नगर घोषणासँगै जिल्लाका १० पालिकामध्ये गलकोट पहिलो बालमैत्री पालिका बनेको छ ।

नगरपालिकाले बालमैत्री नगर घोषणाका लागि वि.सं. २०७७ मंसिरदेखि ५१ सूचक पूरा गर्नका लागि आवश्यक पूर्वाधार, अभिमुखीकरणलगायत काम सुरु गरेको थियो । पालिकाले तीन वर्षदेखि ११ वडालाई बालमैत्री वडा घोषणा गर्नका लागि प्रत्येक वडामा एकजनाका दरले ११ जना सहजकर्ता र एक जना अधिकृत खटाएर काम गरिरहेको नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिए ।

बालमैत्री नगर घोषणाका लागि शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधारलगायत ५१ सूचक पूरा गरेर जिल्ला समन्वय समिति र प्रदेश सरकारबाट प्रमाणित भएपछि शनिबार बालमैत्री नगरका रूपमा घोषणा गरिएको उनले बताए ।

'नगरपालिकाले तीन वर्षदेखि अथक प्रयासपछि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भएका सबै सूचक पूरा गरेर बालमैत्री नगर घोषणा भएको छ,' नगरप्रमुख शर्मा गैरेले भने, 'स्वास्थ्य, शिक्षा, खानेपानी, पूर्वाधारलगायत विषयमा आवश्यक अंकभार प्राप्त गरेका छौं ।'

'केही पूराना संरचना बालमैत्री छैनन्, सुधार गर्न सक्नेलाई बालमैत्री बनाइयो । नयाँ बन्ने संरचना बालमैत्री हुनेगरी मात्रै नक्सा पास गर्ने, बालविवाह अन्त्यका लागि सेचतनामूलक कार्यक्रमलाई निरन्तरता दिने पाँच वर्षे रणनीतिक योजना नगरपालिकाले सञ्चालन गरेको थियो,' उनको भनाइ थियो ।

पालिकाले बालमैत्री नगरपालिका घोषणाका लागि लगानी सम्मेलन, वडास्तरमा बाल सञ्जाल गठन, विद्यालय, अस्पाताल, वडा कार्यालय, प्रहरी चौकी तथा सामाजिक संघसंस्थासमेत बालमैत्री बनाएको नगरप्रमुख शर्मा गैरेले बताए । बालमैत्री नगर निर्माणका लागि सामाजिक परिवर्तन हुन थालेका र हरेक सामाजिक कार्यमा बाल सहभागिता देखिन थालेको बालमैत्री नगरपालिका घोषणका स्रोत व्यक्ति विष्णुप्रसाद चौवीले बताए । चौवेका अनुसार बालमैत्री नगरपलिका भएपछि नेपाल सरकारले अघि सारोको दिगो विकासलाई टेवा पुग्नेछ ।

पालिकाले पठाएको सबै वडाको सूचकको प्रतिवेदनका आधारमा अनुगमनपश्चात् नगरलाई बालमैत्री घोषणाका लागि अनुमति दिइएको जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले बताए । यसबाट सरकारले अघि सारेका दिगो विकासका १७ लक्ष्य पूरा गर्नका लागि बालमैत्री स्थानीय शासनले ठूलो टेवा पुऱ्याउने उनको भनाइ थियो ।

बालमैत्री नगर घोषणापश्चात् नगरपालिकाले निरन्तर बजेट विनियोजन गरी सोहीअनुरूप कार्यान्वयन गर्दै लैजानुपर्ने शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख कुश्मराज उपाध्यायले बताए । नगरपालिकाले अब बन्ने नीति तथा कार्यक्रममा बालबालिकाका अधिकारलाई स्थापित गर्न स्थानीय नीति, नियम, कार्यक्रम र बजेटमा निरन्तर समावेश गर्नुपर्नेमा स्थानीयले जोड दिएका छन् । *रासस*

# जलकुम्भीले सुक्दै ताल

■ कृष्ण आचार्य

**भरतपुर–** चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका ताल तलैयामा यतिबेला जलकुम्भी फूलेर ढकमक्क छ । यही फूलेका जलकुम्भीका कारण यतिबेला यहाँ फोटो खिच्न र टिकटक बनाउन आउने आन्तरिक पर्यटकको भीड देखिन्छ । पहिले फाट्टफुट्ट आउने आन्तरिक पर्यटक अहिले दिनमै सयौंको संख्यामा आउन थालेका छन् । जलकुम्भीले आन्तरिक पर्यटकको चहलपहल त बढाएको छ तर संरक्षणकर्मीलाई जलकुम्भीका कारण ताल सुक्दै जान थालेकोमा चिन्ता बढेको छ ।

भरतपुर महानगरपालिका-५ केशरबागको नवज्योती मध्यवर्ती सामुदायिक वनका अध्यक्ष भिमलाल चापागाईंले वनभित्र रहेको 'किङ फिसर' तालमा फोटो खिच्न र टिकटक बनाउन दैनिक सयौंको संख्यामा आन्तरिक पर्यटक आउने गरेको बताए । 'दैनिक करिब आठ सयसम्म पर्यटक यहाँ आउने गरेका छन् । यो भीड दुई सातादेखि बढेको हो,' उनले भने । पहिले फाट्टफुट्ट आउने भए पनि टिकटकमा भिडियो भाइरल भएपछि यहाँ घुम्न आउनेको संख्या दिनदिनै बढेको अध्यक्ष चापागाईंको भनाइ थियो । उनका अनुसार दैनिक बिहान १० बजेदेखि पाँच बजेसम्म ताल क्षेत्रमा प्रवेश खुला गरिएको छ । 'यहाँ आउने पर्यटक जलकुम्भीको फूल टिप्छन् । फोटो भिडियो खिच्छन् र नाच्छन् रमाउँछन् । फर्कने बेलामा 'गमलामा साछौं' भनेर केहीले फूलसहितका जलकुम्भी लैजान्छन् पनि,' उनले भने ।

अध्यक्ष चापागाईंका अनुसार वन प्रवेश गरेको एक जनासँग २५ रूपैयाँ लिने गरिएको छ । पर्यटक धेरै आउँदा आम्दानी भएको बताउँदै उनले तालमा जलकुम्भी फैलँदा र फुल्दा ताल सुक्ने चिन्ता पनि बढेको बताए । उनले पानी बग्ने क्षेत्रमा भन्दा जमेका पोखरीमा जलकुम्भी धेरै फैलिएको र ताल पूरै ढाकेको बताए ।



दक्षिणकाली मध्यवर्ती वन उपभोक्ता समूहका अध्यक्ष बाबुराम न्यौपानेले यस वर्ष वर्षात्को कमी भएका कारण जलकुम्भी झार बढेको बताए । 'पानीको सतह कम भएकाले मानिस तालमा जाने सक्ने अवस्था छ । जलकुम्भीका फूल पहिले पनि फुल्थ्यो । अहिले फूल टिप्ने र टिकटक बनाउने प्रचलन निकै बढेको छ,' उनले भने । जलकुम्भीले ताललाई विनास गरेको उनको भनाइ थियो । 'अहिले जलकुम्भीका कारण ताल पुरिएकाले ताल गहिराउनुपर्ने अवस्था छ,' न्यौपानेले भने, 'हाम्रो पनि दक्षिणकाली ताल र ओरालेघोल तालमा जलकुम्भी छ तर पर्यटकलाई टिकट काटेर प्रवेश गराएका छैनौं ।'

बाटुलीपोखरी मध्यवर्ती सामुदायिक वनका अध्यक्ष ज्ञानु सुनारले जलकुम्भीलाई कमलको फूल भन्दै टाढाटाढाबाट आन्तरिक पर्यटक आउने गरेको बताए । 'प्रत्येक दिन यहाँ आएर सयौंले जलकुम्भीबारे सोध्नुहुन्छ । हामीले तालमा फुल्ने झार हो भनेर जानकारी दिने गरेका छौं,' उनले भने । जलकुम्भी झारले तालमा समस्या आएको भन्दै यसको व्यवस्थापन गर्नुपर्ने चुनौती थपिएको उनले बताए ।

चितवन राष्ट्रिय निकुञ्ज र संरक्षणको क्षेत्रमा काम गर्नेले जलकुम्भीको समस्या विकराल हुनसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत रामपृत यादवले जलकुम्भीको समस्या बेलैमा समाधान गर्न नसके यसले विकराल अवस्था सिर्जना गर्ने बताए । उनले भने, 'यसले तालतलैया सुकाउँदै छ । जहाँत्यही यसको समस्या छ । यसलाई आउनै दिन हुन्न । यसलाई मान्छे लगाएर निकाल्नुपर्छ । नत्र भयावह हुन्छ ।' बीसहजारी ताल जलकुम्भीका कारण संकटमा पुगेको बताउँदै यादवले जलकुम्भी हटाउन ठूलो मिहेनत र खर्च भएको जानकारी दिए । 'मान्छे प्रकृतिमा रमाउन चाहन्छ । अहिले क्षणिक रमाइलो हेरेर हुँदैन । यहाँका तालमा पहिले जलकुम्भी थिएन । यो विदेशबाट आएको हो । यसले यहाँको रैथाने झारलाई समेत मार्ने गरेको छ,' उनले भने । जलकुम्भीको फूल फुल्ने, बाक्लो हुँदै जाने र ताल माथिमाथि आएर कुहिने हुनाले विस्तारै ताल सुक्दै जाने यादवको भनाइ थियो । उनका अनुसार यहाँ हुने रैथाने झार चराका लागि राम्रो मानिन्छ । ताल सुक्दै जाँदा चरा पनि आउन छाड्ने भन्दै यादवले यो प्रकृतिको महारोग भएकाले बेलैमा सोच्न जरुरी रहेको बताए ।

निकुञ्जका निमित्त प्रमुख संरक्षण अधिकृत राजु घिमिरेले रैथाने बनस्पतीलाई संरक्षण गर्नुपर्ने बताए । उनले जैविक विविधता संरक्षण गरेर सबैको विविधता कायम गर्न सक्नुपर्ने भन्दै ध्यान यसतर्फ सबैको जानुपर्ने बताए । 'डढेलो लाग्ने ठाँउमा जलकुम्भी बढी फैलन्छ र ताल तलैया ढाक्छ । आगलागी नियन्त्रणलाई पनि ध्यान दिनुपर्छ । यसले दीर्घकालीन रूपमा असर गर्छ, बेलेमा सबैको पहलमा समाधनतर्फ लाग्नुपर्छ,' अधिकृत घिमिरेले भने ।

निकुञ्जको मध्यवर्ती व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगानाले जलकुम्भीको फूल देखाएर पर्यटक बढाउन खोज्ने चिन्तनले ताल नै नरहने जोखिम बढ्ने बताए । उनले यहाँका ताल यस क्षेत्रको सिँचाइको स्रोतसमेत भएको जानकारी दिए । 'यहाँका ताल अनुसन्धान केन्द्र (रिचार्ज सेन्टर) हुन् । यिनको संरक्षणविना सिमसार जोगाउने कुरा सम्भव हुँदैन । जलकुम्भीले तत्कालका लागि पर्यटक भित्रिए पनि दीर्घकालीनरूपमा यसले वातावरण र तालतलैयामा असर गर्छ,' समितिका अध्यक्ष ढुंगानाले भने । उनले सामुदायिक वन क्षेत्रको संरक्षण र उपभोग दुवै स्थानीयले गर्ने भएकाले पर्यटक भित्र्याउन अन्य दीर्घकालीन योजना बनाउनुपर्नेमा जोड दिए ।

राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख रचना शाहले जलकुम्भी जोगाउनभन्दा उखेल्न उपयुक्त हुने बताए । उनले यसको दीर्घकालीन समस्या समाधनका लागि संरक्षण कोषले सहयोग गर्ने प्रतिबद्धता जनाए । राप्ती नदी तटीय क्षेत्र सरसफाइ अभियानका अध्यक्ष अपिल घिमिरेले जलकुम्भी देखाएर पर्यटक भित्र्याउनेभन्दा तालको संरक्षणमा जोड दिनुपर्ने बताए । उनले तालहरू यहाँको कृषि प्रणालीसँग जोडिएकाले तालको संरक्षण गर्दा कृषि उत्पादनमा टेवा पुग्ने बताए । घिमिरेले सबै संरक्षणकर्मी एक भएर सिमसार क्षेत्रको संरक्षणमा जुट्न आह्वान गरे । पत्रकार रमेशकुमार पौडेलले समस्या ल्याउने वनस्पतिलाई समस्याका रूपमा हेर्नुपर्ने भन्दै पर्यटकीय आकर्षणका लागि अन्य विकल्प खोजी जलकुम्भीको दीर्घकालीन समाधान खेज्नुपर्ने बताए । *रासस*

# धर्ना, विरोधसभा र ऱ्याली गर्न निषेध

**मोरङ (प्रस)–** जिल्ला प्रशासन कार्यालय मोरङले विराटनगरमा धर्ना, विरोधसभा र ऱ्याली गर्न निषेध गरेको छ । स्थानीय प्रशासनले शनिबारदेखि अर्को आदेश नभएसम्मका लागि उक्त निषेध जारी गरेको हो ।

जिल्ला प्रशासन कार्यालयद्वारा जारी सूचनामा कोशी प्रदेश नामकरणप्रति असहमत पक्षले विरोधस्वरूप गर्ने धर्ना, जुलुसले नगर क्षेत्रको शान्ति सुरक्षामा असर पर्न सक्ने भएकाले सुरक्षा समितिको निर्णयअनुसार उक्त निषेध जारी गरेको जनाएको छ ।


प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले जारी गरेको सूचनामा पूर्वमा देवकोटा चोकदेखि पश्चिममा कोशी अस्पताल चोकसम्मको क्षेत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयदेखि-रोडशेष चोक र दक्षिण जतुवा चोकसम्मको क्षेत्र, मुख्यमन्त्रीनिवास वरिपरि ३०० मिटरको क्षेत्र, प्रदेश प्रमुखको कार्यालय तथा निवास वरिपरि तीन सय मिटरसम्मको क्षेत्र र जिल्ला प्रशासन कार्यालय मोरङ-डाँफे चोकदेखि पूर्वको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको छ ।

# चेपाङ बालबालिकालाई विद्यालयमै दिवा खाना

**मुग्लिन–** चितवनको इच्छाकामना गाउँपालिका-१ भाराङमा रहेको राष्ट्रिय आधारभूत विद्यालयमा पौष्टिक आहारसहितको दिवा खाना कार्यक्रम सुरु गरिएको छ । चेपाङ समुदायको स्वास्थ्य र शिक्षासहित जीवनस्तर उकास्न निरन्तर सक्रिय रहेको सपना भिलेज सोसियल इम्प्याक्टले राष्ट्रिय आधारभूत विद्यालय भाराङमा पौष्टिक आहारसहितको दिवा खाना कार्यक्रम सुरु गरेको हो ।

चेपाङ समुदायका बालबालिकालाई शिक्षामा अग्रसर गराउन विद्यालयमै खाजा तथा खाना कार्यक्रम प्रभावकारी हुने देखिएपछि आफूहरूले विद्यालयमा नै भान्सा घर निर्माण गरी पौष्टिक आहारसहितको दिवा खाना कार्यक्रम सुरु गरिएको इम्प्याक्टका अध्यक्ष ध्रुव गिरीले बताए ।

कार्यक्रम सञ्चालनपछि नियमित नभएका विद्यार्थी पनि अहिले नियमितरूपमा विद्यालय आएका जनाइएको छ । दिवा खाजाका रूपमा बालबालिकालाई विद्यालयमै खाना खाने व्यवस्था मिलाइएको अध्यक्ष गिरीको भनाइ छ ।



पेटभरि खान नपाएर बालबालिका विद्यालय आउन छाडेपछि इम्प्याक्टले दैनिकरूपमा विद्यालयमै खाना खुवाउने व्यवस्था मिलाएको हो । त्यसका लागि इम्प्याक्टले विद्यालय भवनको एउटा कोठामा भान्सा कोठासमेत निर्माण गरिदिएको छ । विगत छ महिनादेखि नै उक्त विद्यालयमा २८० विद्यार्थीलाई विद्यालयमै खाना खुवाउँदै आएको इम्प्याक्टले शुक्रबार औपचारिकरूपमा भान्सा कोठा र खाना खुवाउने कार्यक्रमको उद्घाटन गरेको हो ।

विद्यालयमा विद्यार्थी नियमित नभएपछि बालबालिका लिन शिक्षक घरघरै जानुपर्ने बाध्यकारी अवस्था रहेको थियो । भोको पेटमा विद्यालय आउनैपर्ने बाध्यताका कारण बाटैमा विद्यार्थी निदाउने गरेका थिए । पेटभरि खान नपाएर विद्यार्थी विद्यालय नआएको थाहा पाएपछि विद्यालयमै खाना खाने व्यवस्था मिलाइएको इम्प्याक्टका अध्यक्ष गिरीले बताए । विद्यालयमै खानाको व्यवस्था गरेपछि विद्यार्थीको संख्या बढेको गिरीले बताए ।

विगतमा पनि सरकारले उपलब्ध गराएको १५ रूपैयाँ प्रतिविद्यार्थी रकमले खाजा अपुग भएको अवस्थामा वर्षभरि पुग्नेगरी इम्प्याक्टले खाजा सुरु गरेपछि विद्यार्थी खुसी देखिएका छन् । गत वर्षसम्म विद्यालयका सबै शिक्षक पालैपालो बालबालिकाको घरैमा गएर सम्झाउँदा पनि नियमित विद्यालय नआउने बालबालिका अहिले नियमित विद्यालय आउने गरेको विद्यालयका प्रधानाध्यापक दीपबहादुर गुरुङले बताए ।

'अपवादबाहेक सबै दिन बालबालिका कक्षामा नै भेटिन्छन्, अहिले पौष्टिक तत्त्वसहित पेटभरि पुग्ने खाना पाउँदा विद्यार्थी नियमित आउँछन् ।' दुई वर्षअघि गाँउपालिकाको वडा नं १ मा पर्ने हात्तीवाङ र चौकीडाँडा बाहेकका ४८० घरमा 'सबै यात्राको सुरुआत एक सपनाबाट सुरु हुन्छ' नामक परियोजनाकै क्रममा आएको सुझावअनुसार यहाँ विद्यालय खाजालाई थप व्यवस्थित बनाइएको इम्प्याक्टका अध्यक्ष गिरीको भनाइ छ । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGIONS WATER PROOFING & CONTRACTING L.L C
पूर्व स्वीकृति मिति : २०८०/२/११ | LT No.286603 | चलानी नं : ६०२०२०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 20 | 0 | 800 | २८,७९१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 80 | 0 | 1100 | ३९,५८८ | | | | | | | |

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८०/२/१२ | LT No.286602 | चलानी नं : ६०२०२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 25 | 25 | 900 | ३२३९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | factory worker | 50 | 0 | 900 | ३२३९० | | | | | | | |
| 3 | packer | 25 | 0 | 900 | ३२३९० | | | | | | | |
| 4 | Stevedore | 20 | 0 | 1000 | ३५९८९ | | | | | | | |
| 5 | ticket collector | 25 | 25 | 1000 | ३५९८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २१ गते (4th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984562103, Email Id: dubaioverseas2016@gmail.com

# प्रभाव दैनिक

आइतबार, १४ जेठ २०८० (Sunday, May 28, 2023)


रूपशाला

## स्मिताको नयाँ गीत 'आँखामा गाजल'

गायिका स्मिता दाहालले नयाँ गीत ल्याएकी छिन् । करिब एक वर्षको अन्तरालमा उनले नयाँ गीत 'आँखामा गाजल' ल्याएकी हुन् । उनको पछिल्लो गीत 'हो हो नि माया हो' चर्चित भएको थियो । रोमान्टिक शैलीमा गाइएको 'आँखामा गाजल'मा राजनराज शिवाकोटीको शब्द र संगीत छ । देवेश राईको एरेञ्ज रहेको गीतको भिडियोमा स्मिता स्वयम्ले मोडलिङ गरेकी छिन् । गीतको भिडियोमा स्मिता र कुन्सांग बम्जनको 'लभ क्यामेस्ट्री' देख्न सकिन्छ । सुदीप बरालको छायाँकन र भुपेन्द्र अधिकारीको सम्पादन रहेको भिडियोलाई गम्भीर विष्टले कोरियोग्राफी गरेका हुन् । गीत भिडियो निर्देशन सरोज ओलीले गरेका हुन् ।



# आफ्नो सिर्जनामा इमान्दार हुन्छु : शंकर



**हिट गीतका पर्याय नै बनिसकेका छन् संगीतकार शंकर थापा 'स्माइल' । एक पछि अर्को हिट गीत दिएका शंकरलाई धेरैले करोड क्लवका धनी संगीतकार पनि भन्ने गर्छन । शंकरले संगीत दिएका पाँच मध्ये कम्तिमा तिनवटा गीत त हिट भएकै हुन्छन् । अडियो भिडियो प्लेटफर्ममा करोड भन्दा कम भ्यूज भएका उनका गीत हत्तपत्त भेटिदैनन् । संगीत सिकेर संगीतमा होमिएका कारण पनि होला शंकरले जस्तो सुकै जनाराका गीतलाई पनि न्याय गर्न सक्छन् । स्रोता दर्शकको टेष्ट अनि बजारको ट्रेण्डलाई गजब्बले फलो गर्न सक्ने संगीतकार थापा रेडियो नेपालको बर्गिकरणमा 'ए' ग्रेडका संगीतकार हुन् । नेपालमा गायक, गायिका, गीतकार, संगीतकार तथा बाध्यबादकहरूको वर्गीकरण रेडियो नेपालले गर्ने गर्छ । रेडियो नेपाल सरकारी स्वामित्वको भएकोले यसलाई सरकारकै बर्गिकरणका रूपमा पनि अर्थाउने गरिन्छ । पछिल्लो समय गायन रियालिटी शो 'मेरो भ्वाइस कप युनिभर्स'को कोच तथा म्युजिक टिचरका रूपमा समेत काम गरिरहेका थापा जति चर्चित छन् त्यत्ति नै उत्कृष्ट संगीत पनि सिर्जना गर्दछन् । त्यसैले त म्युजिक अवार्डहरूमा उनको वर्चश्व रहने गरेको छ । उनले उत्कृष्ट संगीत सिर्जनाका लागि एकदर्जन भन्दा बढी अवार्डहरू प्राप्त गरिसकेका छन् । प्रस्तुत छ संगीतकार शंकर थापा 'स्माइल'सँग गरिएको कुराकानीको सारसंक्षेपः**

- **एउटा गीत उत्कृष्ट बन्नका लागि संगीतकारको भूमिका कत्तिको महत्त्वपूर्ण रहन्छ ?**

सबैभन्दा महत्त्वपूर्ण भूमिका भनेकै संगीतकारको हो । शब्द छनोट देखि बजारमा नआउन्जेल सबै कुरामा संगीतकार नै इन्भल्व हुनुपर्छ । शब्दको छनोटदेखि शब्दको भाव अनुसारको संगीत सिर्जना गरेर त्यसमा प्राण भर्ने काम संगीतकार कै हुन्छ । संगीत संयोजन देखि, गायक/गायिकाको छनोट, रेकर्डिङ र मिक्सिङसम्म सबै कुरालाई संगीतकार नै लिड गर्नुपर्छ ।

- **शब्द छनोट गर्दा संगीतकारले कस्तो कुरामा ध्यान दिनुपर्छ ?**

खासगरि सबैले बुझ्ने खालका सरल तर, गहन अर्थ बोकेका शब्द छनोट गर्नु पर्छ । शब्दले कुन विषय वा प्रसंगलाई उठान गरेको छ र त्यसमा कत्तिको पूर्णता दिइएको छ भन्ने कुरालाई पनि प्राथमिकतामा राख्नु पर्छ ।

- **संगीत संयोजन संगीत सिर्जनाको महत्त्वपूर्ण पाटो मानिन्छ ? संगीतकारका लागि संगीत संयोजनको ज्ञान हुनु कत्तिको आवश्यक छ ?**

एकदमै आवश्यक छ । संगीतकारले नै संगीत संयोजकलाई निर्देशन गर्ने भएकोले पूर्ण नभए पनि केही ज्ञान आवश्यक छ । आफ्नो सिर्जनालाई सुन्दर बनाउनका लागि कहाँ के आवश्यक पर्छ भन्ने कुराको ज्ञान भएमा मात्र संगीतकारले संगीत संयोजनमा पनि अर्थपूर्ण भूमिका खेल्न सक्छ ।

- **तपाईले बिभिन्न बिधाका गीतहरूमा संगीत सिर्जना गर्नुभएको छ । यो बिधामै संगीत सिर्जना गर्छु भनेर कसरी तय गर्नुहुन्छ ?**

सबै कुराको दिशा निर्देश स्वयम् शब्दले न गर्छ । यसका साथै कहिले काँही प्रयोगकर्ताको डिमाण्ड, कहिले काँही निर्माताको माग, कहिले काँही गायक/गायिकाको कम्फर्ट जोन त कहिलेकाँही बजारको ट्रेण्ड अनुसार पनि संगीत सिर्जना गर्ने गरिन्छ ।

- **तपाई आफै चाहिँ कुन विधाको संगीतमा बढी रमाउनु हुन्छ ?**

म त सबै खालको संगीतमा रमाउँछु । अरुका लागि बिधागत होला तर, मेरा लागि हरेक जुन बिधा भएपनि संगीत भनेको सिर्जना हो । बाजा र सुर तालले जनरा फरक पर्ला तर, शब्दको भाव अनुसार संगीत सिर्जना गर्ने हुँदा मेरा लागि सबै संगीत एकनाश हो ।

- **कुन गायक/गायिकाको स्वरमा गीत रेकर्ड गर्ने भन्ने कसरी छनोट गर्नुहुन्छ ?**

यसमा दुईवटा कुरा छन् । पहिलो त संगीत सिर्जना गरिसके पछि उक्त सिर्जनालाई न्याय गर्न सक्ने गायन क्षमता भएको गायक/गायिकालाई छनोट गरिन्छ । संगीत सिर्जनामा प्रयोग भएको सुर, ताल, रागलगायतका कुराहरूलाई विचार गरेर गायक/गायिकाको छनोट गर्छु । दोस्रो कुरा पहिले नै सम्बन्धित गायक/गायिका कै लागि भनेर सिर्जना गरिन्छ । यसो गर्दा उसको कम्फर्ट जोन वा माग अनुसार कम्पोज गरिन्छ ।

- **नाम चलेका गायक/गायिकादेखि नव प्रतिभासम्मलाई आफ्नो संगीतमा गायनको समान अवसर दिनुहुन्छ, यसको खास कारण केही छ ?**

म जहिले पनि आफ्नो सिर्जनालाई न्याय गर्न सक्ने आवाजकै खोजिमा रहेको हुन्छु । अग्रजसँग काम गर्दा उहाँहरूको निखारिएको आवाजले सिर्जनालाई थप उत्कृष्टता प्रदान गर्छ भने नयाँसँग काम पनि केही न केही नयाँ कुरा सिकिएकै हुन्छ । खासगरि उत्कृष्ट नयाँ प्रतिभालाई हौसला, प्रेरणा र उत्साह थप्दै उनीहरूको साँगीतिक यात्रालाई थप सहज बनाउने कोसिस स्वरूप पनि नयाँसँग काम गर्छु ।

- **यहाँको संगीतका एक पछि अर्को गीत सफल भइरहेका छन् ? गीत हिट बनाउने कुनै सुत्र छ की ?**

एउटा गीत उत्कृष्ट अनि लोकप्रिय हुन शब्द रचना, संगीत सिर्जना र गायनको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । मैले आफ्ना सिर्जनामा शब्दको छनोटदेखि गायक गायिका सम्मको छनोटमा उत्तिकै ध्यान दिने गर्छु । साथै समयको माग, बजारको ट्रेण्ड र स्रोता दर्शकको रुचिलाई पनि बुझ्ने गरेको छु । यी सबैभन्दा महत्त्वपूर्ण कुरा म आफ्नो सिर्जनामा इमान्दार हुन्छु । आफ्नै मौलिक सिर्जनामा ध्यान दिन्छु । सायद यसैले होला मेरा सिर्जनाहरूलाई दर्शकले रुचाउनु भएको ।

# श्रीच्छा बनिन् मिस नेपाल



**काठमाडौं (प्रस)–** मिस नेपाल वर्ल्डको उपाधि श्रीच्छा प्रधानले जितेकी छन् । ललितपुरको गोदावरीमा शनिबार सम्पन्न अन्तिम स्पर्धामा उनले २३ प्रतियोगीलाई पछि पार्दै उपाधि चुमेकी हुन् ।

उनलाई गत वर्षकी मिस नेपाल प्रियंकारानी जोशी ताज लगाइदिएकी छन् । प्रधान काठमाडौंकी हुन् । उनी लिबरल आर्टस्/साइन्समा स्नातक छिन् ।

त्यस्तै रैना मजगैया मिस नेपाल अर्थ र प्रसिद्धी शाह मिस नेपाल इन्टरनेशनल घोषित भएका छन् । दाङकी मजगैया कमर्सियल पाइलट हुन् भने ललितपुरबाट प्रतियोगी शाह वातावरण विज्ञानमा स्नातक हुन् । उनी पहिलो मिस नेपाल रुवि राणाकी छोरी पनि हुन् ।

गोदावरीको सनराइज कन्भेन्सन सेन्टरमा आयोजित अन्तिमस्पर्धामा २४ जनाले प्रतिस्पर्धा गरेका थिए । कार्यक्रममा अभया सुब्बाले सांगीतिक प्रस्तुति दिएकी थिइन् ।

## रंगशाला

# एसियाली खेलकुदको तयारीबारे छलफल



**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले एसियाली खेलकुदको तयारीका सम्बन्ध विभिन्न खेलका मुख्य प्रशिक्षकसंग शनिबार छलफल गरेका छन् ।

चीनको होङझाओमा हुने असोज ६ गतेदेखि सुरु हुने १९ औं एसियाली खेलकुदमा नेपालले सहभागिता जनाउने खेलका मुख्य प्रशिक्षकहरूसँग छलफल गरेका हुन् ।

सो अवसरमा तालिम तथा प्रशिक्षण विभागका निर्देशक प्रचण्ड शर्मा, खेलकुद विकास विभागका प्रमुख प्रेमबहादुर मल्ल, राष्ट्रिय टिम तयारीका निर्देशक महेन्द्रकुमार राई, आर्थिक प्रशासन शाखाका प्रमुख पासाङ फिन्जी शेर्पालगायतको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा खेलाडीको छनोट र तालिम, खेलाडीको स्तरीय प्रशिक्षणका लागि आगामी योजना, खेलाडीले तालिम गर्ने स्थलको अवस्था, खेल सामाग्रीलगायतका विषयमा छलफल भएको थियो ।

सदस्य-सचिव घिसिङले खेलाडीको प्रशिक्षणमा विशेष ध्यान दिएर नेपालको सहभागीलाई उपलब्धीमूलक बनाउन प्रतिवद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

# रूपेशलाई रापिड बुद्धिचालको उपाधि

■ प्रभाव संवाददाता

**भक्तपुर–** भक्तपुर युवा टिमको आयोजनामा भक्तपुरमा भएको स्वर्गीय त्रिरत्न ग्वाछा स्मृति खुला रापिड बुद्धिचाल प्रतियोगितामा रूपेश जैसवाल प्रथम भएका छन् ।

प्रतियोगितामा सुदीप तामाङ दोश्रो र बद्रीलाल नेपाली तेश्रो हुन सफल भए । शुक्रबारदेखि सुरु भएको प्रतियोगितामा प्रतियोगितामा चौथौ सुरोज महर्जन, पाँचौं शुशिल चौधरी, छैटौं क्षितिज भण्डारी, सातौ सुरवीर लामा, आठौ नवीन तण्डुकार, नवौं सुसोन दाहाल र दसौं राजेश कक्षपति हुन सफल भए ।

विजयी खेलाडीहरूलाई शनिबार एक कार्यक्रम गरी पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो । उनीहरूलाई बागमति प्रदेशका संसद सुरेन्द्रराज गोसाईले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे । प्रतियोगितामा पहिलो हुने नगद रु २५ हजार, दोश्रो हुने १५ हजार र तेश्रो हुने १० हजार नगद पुरस्कारबाट पुरस्कृत भए । चौथौ हुनेलाई आठ हजार, पाँचौं हुनेलाई ६ हजार र सान्त्वनालाई पाँच पाँच हजार नगद पुरस्कारको व्यवस्था रहेको रहेको थियो ।

आयोजक टीमका अध्यक्ष केशव त्वानाबासुका अनुसार प्रतियोगितामा कुल एक सय ४० जनाले सहभागिता जनाएका थिए । तर ६ जना मात्रै महिला थिए । प्रतियोगितामा सातदेखि ८२ वर्षसम्मका सहभागी भएको जनाइयो ।



प्रतियोगितामा विदेशी खेलाडीहरूसमेत सहभागी रहेको जनाइयो ।

टीमको कार्यसमिति सदस्य त्रिरत्न ग्वाछाको स्मृतिमा प्रतियोगिता गरिएको हो । ग्वाछाको झण्डै ४५ दिन अघि अल्पआयुमै अकल्पनीय निधन भएको थियो । उनी जिल्लाका चर्चित बुद्धिचाल खेलाडी थिए । कार्यक्रममा स्वर्गीय ग्वाछाका धर्मपत्नी लक्ष्मीश्वरी ग्वाछालाई पनि कदरपत्र वितरण गरिएको थियो ।

पुरस्कार वितरण समारोहमा टीमका सस्थापक अध्यक्ष विश्वराम कवां, भक्तपुर नगरपालिका वडा नं ७ का वडा अध्यक्ष उकेश कवां, केन्द्रिय बुद्धिचाल महासंका अध्यक्ष विदुरप्रसाद गौतम, भक्तपुर खेलकुद विकास समितिका अध्यक्ष दीपक थापा, टीमका सचिव रामेश्वर मचामसी, सदस्य सुरेश कवांलगायतले खेलाडीको सम्मान स्वरूप प्रतियोगिता आयोजना गरेको सुनाए ।

भक्तपुर युवा टीम भक्तपुरकै एउटा पुरानो खेलकुद खेलकुद टिम हो । यसले प्रत्येक वर्ष भक्तपुर कप खुल्ला फुटबल प्रतियोगिता गर्दै आइरहेको छ । यसअघि पहिलो दिन शुक्रबार टिमका संस्थापक अध्यक्ष विश्वराम कवांले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

विन्ध्यवासिनी मास्टर्स खुला टेबलटेनिस

# महिला सिंगल्समा त्रिशालाई स्वर्ण

■ प्रभाव संवाददाता

**पोखरा–** त्रिशा गुरुङले विन्ध्यवासिनी मास्टर्स खुला टेबलटेनिस प्रतियोगिताको महिला सिंगल्समा शनिबार स्वर्ण जितेकी छन् ।

स्ट्याग च्याम्पियन्स टेबलटेनिसको आयोजनामा श्री स्याङ्जा रापाकोट तमु मिलिजुली समाज, पोखरामा भइरहेको प्रतियोगिताको फाइनलमा त्रिशाले प्रजिता मुदभानीलाई ११-५, ११-५ र ११-६ को सोझो सेटमा पराजित गरिन् । सक्रिय पोखरेल र राजश्री अधिकारी तेश्रो भए । शीर्ष तीन स्थान हात पार्ने खेलाडी कास्कीका हुन् ।




पोखरा महानगरपालिका वडा २ को सहयोग, कास्की जिल्ला टेबलटेनिस संघको संयोजन र कन्सेप्ट मेकर्जको व्यवस्थापनमा सञ्चालन भइरहेको प्रतियोगिताको भेट्रान ५० वर्षमाथि पुरुष सिंगल्समा इखाछेन स्पोर्ट्स क्लबका राजेन्द्र वज्राचार्य, ललितपुर टीटी क्लबका प्रकाश धाक्वा, खोल्छा पुखुका नदिमरत्न शाक्य र च्यासल युथ क्लबका किरण व्यञ्जनकारले सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

प्रतियोगिताको पोखरा महानगरपालिका वडा २ का अध्यक्ष दिवसमान प्रधानांगले एक कार्यक्रमबीच उद्घाटन गरे । तीनदिने प्रतियोगितामा विभिन्न ८ जिल्लाका १ सय ६ खेलाडी सहभागी छन् ।

# महेन्द्रनारायण निधि टी-२० क्रिकेट हुने

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** जनकपुरमा महेन्द्रनारायण निधि टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । क्रिकेट संघ मधेश प्रदेशको आयोजनामा अगामी सोमबारदेखि जनकपुरको रजौलस्थित निर्माणधीन अन्तरष्ट्रिय रामजानकी रंगशालामा खेल हुनेछ ।

शनिबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै संघले सातवटै प्रदेशबाट क्रिकेट टोली सहभागी हुने बताए । २१ वटा खेल हुने क्रिकेट जेठ २६ गतेसम्म चल्नेछ ।

उनका अनुसार प्रतियोगितामा प्रथम हुने टिमलाई ३ लाख र रनरअप हुने टिमका लागि २ लाख रूपैयाँ पुरस्कारको व्यवस्था छ ।

खेलमा ७० लाख खर्च रूपैयाँ खर्च हुने अनुमान आयोजकको छ । जसमा मधेश सरकारको चालु बजेटबाट ४० लाख र अन्य सहयोगी संघसंस्थाबाट जुटाइने आयोजकले जनाएको छ ।

पत्रकार सम्मेलनमा मधेश प्रदेशका शिक्षा तथा समाजिक कल्याणमन्त्री महेशप्रसाद यादवले अगामी दिनमा खेल र खेलाडीको विकासमा जोड दिने बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरमा आउँदा घोषणा गरेको एक अर्ब रूपैयाँ भारु निर्माणाधीन अन्तर्राष्ट्रिय रामजानकी रंगशालालाई पूर्णता दिन लगानी गर्ने प्रक्रिया अघि बढाएको बताए ।



**योगअध्यासमा बालबालिका** | आसन्न अन्तर्राष्ट्रिय योग दिवसअघि भारतको हैदरावादस्थित परेड मैदानमा सामूहिक योग सत्रमा भाग लिँदै बालबालिका। *तस्बिरः एएफपी*

# नौ हजारभन्दा बढी अफगानद्वारा इयूमा शरणका लागि आवेदन



**काबुल-** युरोपेली जनगणना ब्युरोले जनाएअनुसार गत महिनामा नौ हजारभन्दा बढी अफगान नागरिकले इयू सदस्य राष्ट्रमा शरणका लागि आवेदन दिएका छन् । खामा प्रेसअनुसार यसरी शरण आवेदन दिने एकै महिनाको यो आँकडा उच्च हो ।

युरोपेली जनगणना ब्युरोका अनुसार चालु वर्षको सुरुमा युरोपेली संघका सदस्य राष्ट्रमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशतले बढेको छ ।

बिहीबार मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्युरोले फेब्रुअरीमामात्रै ७६ हजार ५०० व्यक्तिले इयूमा शरणका लागि आवेदन बुझाएका छन् । यो संख्या गत वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भएको देखिएको छ ।

उपलब्ध तथ्यांकका आधारमा गत वर्षको फेब्रुअरीमा शरणका लागि आवेदन दिनेको प्रारम्भिक संख्या ५४ हजार ३७० रहेको थियो । तथ्यांकअनुसार सिरियाली र अफगानिस्तान पछिल्ला वर्षमा इयू सदस्य राष्ट्रमा शरण खोज्नेको सबैभन्दा ठूलो समूह हो ।

त्यसैगरी शरण आवेदनको ७७ प्रतिशत स्पेनमामात्र केन्द्रित छ भने जर्मनी, फ्रान्स र इटाली क्रमशः परेका रोजाइमा छन् । खामा प्रेसका अनुसार जर्मनीले मात्रै फेब्रुअरीमा २५ हजारभन्दा बढी आवेदन प्राप्त गरेको छ ।

युरोपेली संघको तथ्यांकअनुसार नयाँ शरणार्थीमध्ये दुई हजार ७४५ अभिभावकविहीन नाबालिग छन् भने एक हजार २५ अफगान नागरिक छन् । *रासस/एएनआई*

# इयू डिसइनफरमेसन कोड छोड्दै ट्विटर



**ब्रसेल्स-** ट्विटरले युरोपेली संघको डिसइनफरमेसन कोड छोड्ने निर्णय गरेको छ । 'एक स्वैच्छिक सम्झौताअनुसार प्रमुख सामाजिक प्लेटफर्म एकसाथ समूह बनाउँदा यसका दायित्व रहन्छन् र त्यसको पालना हुनुपर्छ,' इयू उद्योग आयुक्त थियरी ब्रेटनले शनिबार ट्वीटमा उल्लेख गरेका छन् ।

सन् २०१८ मा सुरु गरिएको इयूको डिसइन्फर्मेसनको अभ्यास कोडले मेटा, गुगल, ट्विटर, माइक्रोसफ्ट र टिकटकजस्ता सामाजिक सञ्जालसहित लगभग तीन दर्जन हस्ताक्षरकर्तालाई समावेश गरेको थियो ।

त्यसबेला कोड प्रयोगकर्ताले तथ्य-जाँचकर्तासँग विकृति वितरण गर्ने संरचनालाई बढावा नगर्ने जस्ता तीन दर्जनभन्दा बढी प्रतिज्ञा गरेका थिए । आफूले प्रतिज्ञा गरेका कुराको पालना गर्नु आवश्यक हुन्छ तर एलन मस्कले ट्वीटरको स्वामित्व लिएपछि प्रतिज्ञाको पालनामा अनुदार रहेका पाइन्छन् ।

युरोपेली आयोगका एक अधिकारीले शुक्रबार एएफपीलाई भनेका थिए, 'यदि (एलन मस्क)ले कोडलाई गम्भीरतापूर्वक लिएनन् भने उनले राजीनामा दिनु राम्रो हुन्छ ।' *रासस/एएफपी*

# 'राष्ट्रका निम्ति अझ परिश्रम गर्ने ऊर्जा मिलेको छ'



**नयाँदिल्ली-** प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय नागरिकबाट प्रास्त स्नेह र सद्भावले राष्ट्रका निम्ति अझ परिश्रम गर्ने ऊर्जा प्राप्त भएको बताएका छन् । भारतको प्रधानमन्त्रीका रूपमा आफ्नो नौ वर्ष पूरा भएको अवसरमा उनले जनताबाट प्राप्त प्रतिक्रियाप्रति कृतज्ञता व्यक्त गर्दै त्यसो भनेका हुन् ।

बिहानैदेखि हाम्रो सरकारको बारेमा गरिएको प्रशंसा आफ्ना लागि स्नेह भएको र त्यसले आफूलाई ऊर्जा दिएको उनले सामाजिक सञ्जालमा लेखेका छन् । प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतीय जनता पार्टीको सरकारले यही जेठ १६ गते दुई कार्यकालको नौ वर्ष पूरा गर्दै छ । यस अवसरमा भारतीय जनता पार्टीले सोही दिनदेखि एक महिनासम्म देशभर ५० स्थानमा विशेष सभा एवं ¥याली गर्नेछ । केही कार्यक्रमलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछ ।

भारतीय जनता पार्टीका अनुसार ती सभा तथा ¥यालीलाई आगामी लोकसभा चुनावको तयारीमा केन्द्रित हुने छन् । लोकसभा निर्वाचन करिब एक वर्षपछि हुँदै छ । सबैभन्दा ठूलो ¥याली राजस्थानको अजमेरमा हुनेछ जसलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछ ।

विशेष सभा र ¥यालीमा भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र अन्य शीर्ष नेता सहभागी हुने छन् । नरेन्द्र मोदीले सन् २०१४ को मे २६ मा पहिलोपटक प्रधानमन्त्रीको शपथ लिएका थिए ।

उनले सन् २०१९ को मे ३० मा दोस्रो कार्यकालको शपथ लिएर भारतको सरकार प्रमुखका रूपमा शासन सञ्चालन गरेका थिए । *रासस/एएनआई*

# प्रहरी अधिकारीको हत्या आरोपमा तीन जना पक्राउ

**सान साल्भाडोर-** एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले शुक्रबार एक प्रहरी अधिकारीको हत्या गरेको अभियोगमा तीन कथित गिरोह सदस्यलाई गिरफ्तार गरिएको घोषणा गरेका छन् । सो हत्या काण्डले यस महिनाको सुरुमा सहरको सैन्य घेराबन्दी निम्त्याएको थियो ।

अफिसर म्याक्सिमिनो भास्क्वेजको मे १६ मा भएको हत्याले बुकेलेलाई राजधानी सान साल्भाडोरबाट ८० किलोमिटर (५० माइल) उत्तरमा रहेको ३० हजार मानिस बसोबास गर्ने सहर नुभा कन्सेप्सियन वरपर पाँच हजार सिपाही र ५०० प्रहरी अधिकारीलाई 'सुरक्षा घेरा' स्थापना गर्न आदेश दिन बाध्य बनाएको थियो ।

'हामीले हाम्रो नायकको हत्या गर्नेको ठूलो मूल्य चुकाउने वाचा गरेका थियौं । हामीले उनीहरूको गुट नष्ट गर्‍यौं, उनीहरूका साथीलाई गिरफ्तार गर्‍यौं, उनीहरूका नेतालाई गिरफ्तार गर्‍यौं र आज हामीले तीन हत्यारालाई पक्राउ गर्‍यौं,' राष्ट्रपतिले ट्विटरमा उल्लेख गरेका छन् ।

अहिले हिरासतमा रहेकाले देशमा फेरि कहिल्यै आतंक मच्चाउन नसक्ने पनि राष्ट्रपतिको दाबी छ । पक्राउ पर्ने जोस अर्मान्डो ओचोआ गुटेरेज, फ्रान्सिस एन्टोनियो गोमेज काल्डेरोन र साल्भाडोर एनरिक पोर्टिलो लान्डाभेर्डे रहेका छन् । उनीहरूलाई हाल ग्वाटेमालाको हिरासतमा राखिएको छ ।

ग्वाटेमाला प्रहरीले ट्विटरमा २७ वर्षीय पोर्टिलो लान्डाभेर्डे एमएस-१३ गिरोहको सदस्य रहेको र एल साल्भाडोरको सिमानामा रहेको जुटियापा विभागमा हिरासतमा राखिएको बताएको छ । साल्भाडोरका महान्यायाधिवक्ता रोडोल्फो डेलगाडोले पत्रकार सम्मेलनमा अधिकारीले पोर्टिलो ल्यान्भाडेर्डेलाई 'गोली चलाउने व्यक्ति' हो भनेर सार्वजनिक गरेका छन् ।

अभियोजकले तीनैजना विरुद्ध 'उत्तेजित हत्या'को आरोपमा ३० देखि ५० वर्षको जेल सजायको माग गरेका छन् । गत वर्ष बुकेले गिरोह विरुद्ध एक विवादास्पद 'युद्ध' सुरु गरेका थिए जसका कारण ६८ हजारभन्दा बढी सन्दिग्ध गिरोह सदस्य वारेन्टविना पक्राउ गरिएको थियो ।

जनमतसंग्रहका अनुसार साल्भाडोरनका बीचमा धर्मयुद्ध व्यापकरूपमा लोकप्रिय सावित भएको छ तर मानवअधिकार संगठन र क्याथोलिक चर्चले बुकेलको तरिकाको आलोचना गरेका छन् । *रासस/एएफपी*

# पटाका विष्फोट हुँदा चार जनाको मृत्यु

**सिजियाजुआङ-** उत्तरी चीनको हेबेई प्रान्तको दाचेङ काउन्टीमा शुक्रबार भएको आतिशबाजी विष्फोटमा परी कम्तीमा चार जनाको मृत्यु हुनाका साथै दुई जना बेपत्ता भएका छन् ।

सो विष्फोट दिउँसो ४ बजे भएको थियो । सो समयमा जांगटुन प्रहरी चौकीमा अधिकारीले अवैधरूपमा व्यापार भएको शंकास्पद आतिशबाजीको नमूना संकलन गरेर परीक्षण गरिरहेका थिए ।

प्रारम्भिक अनुसन्धानअनुसार घटनास्थलमा ११ जना थिए । हालसम्म नौ जनाको उद्धार गरिएको छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ । *रासस/सिन्हवा*


**श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह**
**चुरे गाउँपालिका-४, कैलाली**

**बोलपत्रद्वारा काठ लिलाम बिक्री सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१४ गते**

यस प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आर्थिक वर्ष २०७९/०८० मा सङ्कलन भई घाटगद्दी गरी राखिएको साल र अस्नाको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| लट नं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | कैफियत |
|---|---|---|---|---|---|
| १. | साल | ए | २२ | ४१२.९९ | |
| १/२०७९/८० | | बि | ४० | ४४२.६६ | |
| | | सि | ६१ | ३६५.४९ | |
| | | डि | ३ | ११.३५ | |
| | जम्मा | | १२६ | १२३२.४९ | |
| २. | अस्ना | बि | ७ | ७०.९७ | |
| | | सि | १२ | ७७.४६ | |
| | जम्मा | | १९ | १४८.४३ | |
| | कुल जम्मा | | १४५ | १३८०.९२ | |

**अध्यक्ष**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०२/१४**

यस कम्पनीको मिति २०८०/०१/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **साउथ एसिया सप्लायर्स एन्ड ट्रान्सपोर्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिफ ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिफ ट्राभल्स एण्ड टुर्स प्रा.लि.(प्रा.लि.नं.१२८३४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस Himalayan Valley Nepal Pvt.Ltd. (ई.प.नं.१५२६/०७४/०७५)मा Roshan Kumar Sanba, Taplejung (Citizenship No. 12549-1537) ले Public Relation Officer पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १५२६/०७४/०७५
**Himalayan Valley Nepal Pvt.Ltd.**
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

**कम्पनी : MAXSTAR INTERNATIONAL SDN. BHD.**

पुर्व स्वीकृति मिति २०७९/04/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१२ | LT No :268174 | चलानी नं. ६०१८४१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 41 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २१ गते (4th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60
**TRANS WORLD Manpower CO.(P) Ltd.**
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०८३०० | प्रति तोला – १०७८०० | प्रति तोला – १३४५ |



**कुचोको व्यापार** | दाङको घोराही उपमहानगरपालिका–७ सिसनियाबाट घोराही बजारमा कुचो बिक्री गर्न आएकी स्थानीय महिला ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# गौतमबुद्ध विमानस्थल नियमित सञ्चालनको माग

■ प्रभाव संवाददाता

**भैरहवा–** उद्योगी-व्यवसायीले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण र नियमितरूपमा सञ्चालनका लागि पहल गर्न लुम्बिनी प्रदेश सरकारका मन्त्रीसँग माग गरेका छन् ।

उनीहरूले विमानस्थलमा अन्तर्राष्ट्रिय उडान नहुँदा विकासमा बाधा पुगेको गुनासो गरेका हुन् । चेम्बर अफ कमर्स, रूपन्देही (उद्योग व्यापार संगठन, रूपन्देही) ले शनिबार भैरहवामा आयोजना गरेको लुम्बिनी प्रदेशका आन्तरिक मामिला, कानून तथा सहकारीमन्त्री सन्तोषकुमार पाण्डेय र सामाजिक विकासमन्त्री चन्द्रकेश गुप्ता (सिके) गुप्ताको स्वागत, बधाई तथा शुभकामना कार्यक्रममा उद्योगी-व्यवसायीले यस्तो माग गरेका हुन् । उनीहरूले विगतमा पनि विमानस्थल पूर्ण र नियमितरूपमा सञ्चालनका लागि विभिन्न दबाबमूलक कार्यक्रम गरिएको जनाउँदै थप दबाब आवश्यक रहेको जनाए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणअघि नै



विमानस्थलबारे भारत सरकारसँग छलफल गर्न प्रदेश सरकारले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उनीहरूको भनाइ छ । चेम्बर अफ कमर्स, रूपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले नागरिकले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका निर्माणका लागि जग्गा तथा घर नै दिए पनि विमानस्थलमा अन्तर्राष्ट्रिय उडान हुन नसक्दा नागरिक निराश भएको बताए ।

अध्यक्ष ज्ञवालीले खुल्ला सीमाका कारण स्वदेशी व्यवसायी मर्कामा परेको उल्लेख गर्दै ४० प्रतिशत सटर खाली भइसकेको जानकारी गराए । चेम्बर अफ कमर्स, रूपन्देहीका निवर्तमान अध्यक्ष नारायणप्रसाद भण्डारीले समग्र रूपन्देही र लुम्बिनीको विकास आवश्यक रहेको बताए । उनले लुम्बिनीमा सञ्चालित गुम्बा तथा मोनाष्ट्रीमा पर्यटक राख्दा त्यहाँ सञ्चालित होटल धरासायी भएको गुनासो सुनाए ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित र पूर्णरूपमा सञ्चालनका लागि आन्दोलनका कार्यक्रम गरिएको उनले बताए । उनले लुम्बिनी र लुम्बिनीको प्रवेशद्वार भैरहवा क्षेत्रमा रहेका समस्या समाधानका लागि अग्रसर हुन मन्त्रीहरूसँग आग्रह गरे ।

सिद्धार्थ होटल एशोसिएशनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले उद्योग, पर्यटन र व्यवसायको विकासका लागि सरकारको ठूलो हात रहने भएकाले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि जनप्रतिनिधिको भूमिका रहने बताए ।

विमानस्थल नियमितरूपमा सञ्चालनका लागि विभिन्न चरणका आन्दोलन र छलफल भए पनि मन्त्री र सचिवबाट आश्वासन मात्रै पाएको उनले गुनासो गरे ।

लुम्बिनी प्रदेश सरकारका सामाजिक विकासमन्त्री गुप्ताले उद्योगी व्यवसायीसँग हातेमालो गर्दै अघि बढ्ने बताए । उनले विमानस्थल पूर्ण र नियमित सञ्चालनका लागि प्रदेश सरकारबाट सक्दो पहल गरिने बताए ।

लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला, कानून तथा सहकारीमन्त्री सन्तोषकुमार पाण्डेयले विमानस्थल पूर्ण सञ्चालनका लागि सङ्घीय सरकारसँग निरन्तर पहल भइरहेको बताए । लुम्बिनी प्रदेश सरकारका प्रवक्तासमेत रहेका मन्त्री पाण्डेयले बेथरी पुल निर्माण कार्यलाई फास्ट ट्र्याकमा अगाडि बढाउन निर्माण व्यवसायीलाई निर्देशन दिइएको जानकारी दिए ।

# काठमाडौंमा भूमिगत लाइनबाट विद्युत् वितरण गर्ने तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले अबको दुई महिनाभित्र काठमाडौंमा भूमिगत लाइनबाट विद्युत् वितरण गर्ने योजना बनाएको छ । प्राधिकरणले यहाँको रत्नपार्क र महाराजगञ्ज लाजिम्पाट क्षेत्रमा घर-घरमै भूमिगत लाइनबाटै बिजुली जोड्ने तयारी गरेको छ ।

महाराजगञ्ज र रत्नपार्क वितरण केन्द्रअन्तर्गतका पानीपोखरी, लाजिम्पाट र नारायणहिटी संग्रहालयसहित कीर्तिपुर आसपासका क्षेत्रमा भूमिगत लाइनबाटै बिजुली वितरण गर्ने तयारी सुरु भएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता सुरेशबहादुर भट्टराईले जानकारी दिनुभयो । उनका अनुसार कतिपय वितरण बक्सबाट घरका मिटरसम्म जाने बिजुलीको लाइन पनि भूमिगत गर्ने काम भइरहेका छन् ।

भूमिगत लाइनबाटै घर-घरमा बिजुली पुऱ्याउन प्राधिकरणले पूर्वाधार बनाउँदै गरेको र तार भूमिगत गर्ने काम सकिएका फिडरहरूमा क्रमशः यो काम गर्दै जाने योजना बनाइएको जनाइएको छ । प्राधिकरणले सडकबाट उपभोक्ताका घर र कार्यालयसम्म भूमिगतरूपमा तार लगी मिटरमा भूमिगत लाइनबाट बिजुली जोडे पनि केही महिना पोल भने नहटाउने योजना रहेको प्रवक्ता भट्टराईले बताए ।

आगामी हिउँद यामसम्म सकेसम्म काम सकिएका धेरै क्षेत्रका भूमिगत लाइन चार्ज गर्ने प्राधिकरणको योजना रहेको जनाइएको छ । हिउँदमा काठमाडौँमा विद्युत् लोड बढेर वितरण लाइनमा समस्या देखिने गरेको छ । यसका कारण हिउँदसम्म सकेसम्म धेरै फिडरमा भूमिगत लाइनबाट चार्ज गर्ने प्राधिकरणको तयारी छ ।

महाराजगञ्ज र रत्नपार्क वितरण केन्द्रका करिब एक लाख घरमा स्मार्ट मिटर जोडेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । काठमाडौंको वितरण लाइन सुदृढीकरण गर्न प्राधिकरणले उपत्यकाभर बिजुलीको तार भूमिगत गर्न ठेक्का लगाएर काम गरिरहेको छ । काठमाडौँमा भूमिगत वितरण लाइन बिछ्याइरहेको प्राधिकरणले केही महिनापछि ओभरहेड वितरण लाइन हटाउने जनाएको छ । यसपछि इन्टरनेटका तारसमेत पोलमा राख्न नपाइने भएकाले प्राधिरकणले विकल्प सोच्न इन्टरनेट सेवा प्रदायकलाई आग्रह गर्दै आएको छ ।

# गुल्मीका कृषकलाई माहुरी उपहार

**गुल्मी (प्रस)–** गुल्मीको मुसिकोट नगरपालिकामा माहुरीपालक कृषकलाई उपहारस्वरूप मौरीका गोलासहित घार उपलब्ध गराइएको छ । सालिमे मौरी स्मार्ट कृषि गाउँ कार्यक्रमअन्तर्गत मौरी पकेट समूहले ५१ कृषकलाई एक सय दुई थान माहुरीका गोलासहित घार उपलब्ध गराएको हो ।

गत तीन वर्षअघि कृषि ज्ञानकेन्द्रको सहयोगमा 'सालिमे मौरी स्मार्ट कृषि गाउँ' कार्यक्रम लागू भएसँगै त्यहाँका कृषकले व्यावसायिकरूपमा मौरीपालनमा गर्न सुरु गरेका थिए । वडानं ८ र ९ मा मौरी स्मार्ट कार्यक्रम लागू भएको थियो । त्यहाँका ५१ कृषक समूहमा आबद्ध भएर व्यावसायिकरूपमा आधुनिक तरिकाबाट मौरीपालनमा जुटेका हुन् ।

समूहका एक कृषकको घारमा न्यूनतम छ घार मौरी अनिवार्य रूपमा हुनुपर्दछ । छ घार मौरी नभएको व्यक्ति समूहमा आबद्ध हुन पाउँदैन । वरिपरि घना जंगलका बीचमा अग्लो र रापिलो ठाउँ भएका कारण पनि मालारानी माहुरी चरन क्षेत्रका लागि पनि निकै उपयुक्त मानिन्छ । त्यस क्षेत्रका मौरीपालक कृषकहरूलाई व्यावसायिक बनाउँदै उनीहरूको जीवनस्तर माथि उठाउने उद्देश्यले मुसिकोटमा उक्त कार्यक्रम लागू गरिएको उक्त केन्द्रका प्रमुख नवराज भण्डारीले बताए ।

# घलेम्दी हाइड्रोको हकप्रद सेयर बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल नियुक्त




**काठमाडौं (प्रस) –** घलेम्दी हाइड्रोपावर कम्पनी लिमिटेडको हकप्रद सेयर निष्कासन गर्ने प्रकृया अघि बढेको छ । कम्पनीले हकप्रद सेयर निष्कासन गर्ने प्रयोजनका लागि निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ ।

कार्यक्रममा दुई कम्पनीबीच बिक्री प्रबन्धकको सम्झौता सम्पन्न भएको छ । सो सम्बन्धी समझदारी पत्रमा घलेम्दी हाइड्रोपावरको तर्फबाट अध्यक्ष किशोर सुवेदी र मुक्तिनाथ क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कविन्द्र ध्वज जोशीले हस्ताक्षर गरेका छन् । सो समारोहमा घलेम्दी हाइड्रोको तर्फबाट कम्पनी सचिव अनिल पौडेल लगायतको सहभागिता रहेको थियो । घलेम्दी हाइड्रो लिमिटेडको नवौं वार्षिक साधारण सभाले १:२ अनुपात अर्थात २०० प्रतिशत हकप्रद सेयर निष्कासन गर्ने प्रस्ताव पारित गरिसकेको छ । हकप्रदबाट जम्मा भएको पुँजी सांग्रिला उर्जा लिमिटेडद्वारा प्रवद्धित संखुवासभामा रहेको ६३ मेगावाट क्षमताको छुजुंग खोला जलविद्युत आयेजनामा ५१ प्रतिशत भन्दा बढी सेयर कायम हुनेगरी लगानी गर्नेछ ।

# भन्सार प्रशासनलाई चुस्त बनाउन चेम्बरको माग

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सले भन्सार प्रशासनलाई चुस्त एवं करको दायरा फराकिलो बनाउन आग्रह गरेको छ । भन्सार कर तथा राजस्व सम्बन्धमा आयोजना गरिएको अन्तरक्रियामा उद्योगी-व्यवसायीले निर्यात सहजीकरण एवं करको दायरा बढाउन सरकारसँग माग गरेका छन् ।

चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले राजस्व घटिरहेको सन्दर्भमा कर प्रशासनलाई चुस्त बनाउनुपर्नेमा जोड दिए । उनले भन्सार प्रयोजनका लागि सन्दर्भ मूल्यलाई खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनुपर्नेमा जोड दिए । अध्यक्ष मल्लले भने, 'विश्व व्यापार संगठनबाट निर्धारित मूल्याङ्कन पद्धतिमा रहेर भन्सार प्रयोजनका लागि सन्दर्भ मूल्यलाई खारेज गरी कारोबार मूल्यलाई मान्यता दिनुपर्दछ ।'

भन्सार नाकामा अन्तर्राष्ट्रियस्तरको क्वारेन्टिन प्रयोगशालाको उचित व्यवस्थापन गरेर आयात निर्यातलाई प्रभावकारी बनाउनसमेत अध्यक्ष मल्लले आग्रह गरे । भन्सार कार्यालयका कारणले हुने ढिलाइमा डेमरेज, डिटेन्सन तिर्नुपर्ने अवस्थाको निराकरण हुनुपर्ने उनको भनाइ छ ।

अध्यक्ष मल्लले सीमामा हुने अवैध व्यापारलाई निरुत्साहित गरी कर तथा राजस्वको दायरामा ल्याउनुपर्नेमा समेत जोड दिए । सोका लागि बिल लिने/दिने व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गर्नसमेत उनले सरकारको ध्यानाकर्षण गराए । करको दर वृद्धि गरिनुभन्दा दायरा बढाइनुपर्ने भन्दै अध्यक्ष मल्लले यसका लागि नागरिकता वितरण गर्दासँगै पान कार्ड पनि दिलाउनुपर्ने बताए ।

उद्योगी व्यवसायीले सरकारले दिने निर्यात अनुदानलाई लक्षित वर्गमा पुऱ्याउनुपर्नेमा जोड दिएका थिए । कर राजस्वका सम्बन्धमा स्थानीय तहले आफूखुसी कर निर्धारण गर्दा पनि उद्योग व्यवसाय चलाउन समस्या भएको उनीहरूको गुनासो थियो ।

आगलागी हुन नदिन चनाखो बनौं ।

आगलागीबाट बच्न,

- खाना पकाई सकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं ।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाइटर बालबालिकाले भेटाउने ठाउँमा नराखौं ।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्रोसँग निभाऔं ।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं ।
- घरवस्ती नजिकै पोखरी, ट्यांकी वा अरू कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ